# झिमरूक गाउँपालिका

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Disaster Preparedness and Response Plan


झिमरूक गाउँपालिका

झिमरूक गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

२०७९

# झिमरूक गाउँपालिका
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# Disaster Preparedness and Response Plan

**झिमरूक गाउँपालिका**

**झिमरुक गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान**

**लुम्बिनी प्रदेश, नेपाल**

**२०७९**

Phone/Fax: 086
Email: jhimrukmun@gmail.com, info@jhimrukmun.gov.np
Website: jhimrukmun.gov.np

| | | |
|---|---|---|
| प्रकाशक | : | गौमुखी इन्जिनियरिङ सर्भिस प्रा.लि., सानेपा, ललितपुर |
| प्राविधिक सहयोग | : | गौमुखी इन्जिनियरिङ सर्भिस प्रा.लि., सानेपा ललितपुर |
| सर्वाधिकार | : | मल्लरानी गाउँकार्यपालिका कार्यालय, प्यूठान |
| मुद्रक | : | हिमालय प्रिन्टिङ्ग प्रेस प्रा. लि. |
| | | मध्यपुर ठिमी न.पा.-१५, गङ्गाघर, भक्तपुर |
| | | फोन नं. : ५२११०५३, ईमेलः press_himalaya@yahoo.com |

असार २०७९


झिमरुक गाउँपालिका
प्यूठान
N
0 40 80 160 240 Kilometers
संकेत
विद्यालय
स्वास्थ्य चौकी
धार्मिकस्थल
खोलाको नाम
बस्ति
पर्यटकीयस्थल
वडा कार्यालय
१
२
३
४
५
६
७
८
मुर्दुल भ्युटावर (प्रस्तवित )
लालिगुरास खेलमैदान(दिहाल्नाचौर )
ब्राकोट
झुङदी
चिप्लेपहरा
खलाखर्क
घैसेरा
खैराटोल
ज्ञानज्योति आवि
पाल्लेटोल
इखनाथान
इखनादेवी सा.वन
गब्दी खोला
गब्दी
उपल्लोकोट
पयैपाटा
घर्तिटोल
महतचौर
तुषाराकोट
जिउने पखारा
कुता
दोसाध प्राबि
बेओरे
समलधारा
हर्क
लामासेरा
भेडवारि
स्याला
प्रभात मावि
दारिमचौर
वडाअफिस-३आहालपोखरी
अमराई
आहालखोला गाउँ
बाझादिही
आहाल खोला
हल्दे
हलेदे
धाकेडिही
सिम्लेनी
लम्ची
साल्ले खोला
ढाड
रक गार्डेन
ओखरकोट हेल्थपोष्ट
बालज्योति प्रावि
कोहिराले पाटा
माझामाला वन
तिल्हाल्ना
आप्रे -खोला
कोटफेरा मैदान
ओखरकोट
सिस्ने खोला
जैधुम
बादिखोला
बालशिक्षा मावि
नेपाल राष्ट्रिय निमावि
टाडा पोखरि
मछीवजार
चुधारा
जावुने
खहरे
मास्छरे
खोरापानी
घैरेनी
खपटे
चोरमारा
कमेरपानी आवि
कमेरपानी
देउराली
चिप्लेटी
थापाचौरबासकोट
गडेरपानी
बाखीखोर
वादिकोट स्वा . चौ.
स्यालखाडा
सापडाडा
सिलिडे
काँडापानी
गढीकोट
बडाचौर
पातिहल्ना
टिमुरखर्क
डाडाखर्क
बेताने
बालुवा
खरीपाटा
गातिना
कफिलपाटा
पोखराछेडा
अमरसिंह मावि
खर्क
सीतामारे
तालेघर
बाडेमरोट स्वा .चौ.
पोखरीडाँडा
फुर्सेधारा
बिडडाँडा
धुवाचौर
तुसारपानी
कुर्लीखोला
काउछे
कोटफेरा
हरिए
बागे
लक्ष्मी मावि
बउडा
बाँझबांगे
निग्युखर्क
बालसुधार प्रावि
घुम्रे ठाँटि
ईश्वरकोट
भण्डारी पोखरा
चिरायु मा. वि.
चिसावाङ्ग
अग्रेठी
सिद्धधामनमन्दिर (दहखोला)
नेपाने
झिमरुक खोला
तोरवाङ्ग हेल्थपोष्ट
भुवनेश्वरी प्रावि
वार्डअफिस -६
बालकल्याण प्रावि
भुमेस्थानमन्दिर
तोरवाङ्ग
सिद्धधाम (मन्दिर)
दह खोला
सिद्धि प्रावि
नेपाल राष्ट्रिय निमावि
मर्कावाङ्ग
धगे
सल्लेरी
भेडा चौर
सिद्धेश्वरी प्रावि
लेख

# मन्तव्य

वर्तमान समयमा जलवायु परिवर्तनको प्रभावले र प्रतिकूल मौसमको कारणले गर्दा सोचेभन्दा छुटै किसिमको प्राकृतिक तथा मानवीय विपत्तिहरु आईरहेका छन् । एक्कासी उत्पन्न हुने यस्ता विपत्तिले जीवनलाई क्षत-विक्षत बनाउन सक्दछ । भूकम्प, पहिरो, बाढी, चट्याङ, आगोलागी, असिना, सुख्खा- खडेरी, भूक्षय, कोभिड-१९ जस्ता विश्वव्यापी महामारी, जङ्गली जनावरहरुको आक्रमण, सडक दुर्घटना जस्ता घटनाको पुनरावृत्तिले झिमरुक गाउँपालिकालाई विपद्को लागि संवेदनशील गाउँपालिका मान्न सकिन्छ । एउटै ठाँउ बाढी तथा पहिरोले समस्याग्रस्त हुनसक्छ भन्ने त्यही ठाउँमा पानीको अभावले खडेरीको समस्या आईपर्न सक्दछ ।

शहरीकरण र जनसंख्या बृद्धिले अव्यवस्थित बसोवासको समस्या, सीमान्त र कमजोर क्षेत्रमा गरीबी बढ्नु, भूक्षय, वन जंगल विनाश, जमिनको अवैज्ञानिक उपयोग, कमजोर पूर्वाधार विकास, कमजोर विपद् व्यवस्थापन योजना, प्रकोप नियन्त्रण र वचावट प्रति वेवास्ता लगायत जलवायु परिवर्तन यस्का कारक तत्वहरु रहेका छन् ।

विपद् व्यवस्थापनको लागि विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संसोधन, २०७५) ले केन्द्र देखि प्रदेश, जिल्ला र स्थानीय तहसम्मका विपद् व्यवस्थापन समितिको व्यवस्था गरेको छ । यसरी पालिका स्तरको विपद् व्यवस्थापनको लागि पूर्वतयारी, खोज तथा उद्धार गर्ने व्यवस्थाको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ विभिन्न निकायहरुको सक्रिय सहभागिता र योगदानको फलस्वरुप तयार भएकोछ । विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्य सञ्चालन गर्न यो योजना सफल हुनेछ भन्ने विश्वास लिएको छु । विशेष गरेर योजना तयारी कार्यमा सहयोग गर्नुभएकोमा झिमरुक गाउँपालिका स्वयम् र प्राविधिक सहयोग गर्नुहुने गौमुखी इन्जिनियरिङ सर्भिस प्रा.लि. सानेपा, ललितपुर प्रति विशेष आभार व्यक्त गर्दछु ।

विपद्को हिसाबले यो गाउँपालिका प्यूठान जिल्लाको संवेदनशील गाउँपालिका समेत भएकोले सरकारी तथा गैरसरकारी निकायहरु लगायत राजनितिक दलहरु, उद्योगी, व्यापारी, पत्रकारहरु, नागरिक समाजका व्यक्तिहरुले यस पालिकामा हुने विपत्तिहरुको सामना गर्न तयार रहनुहुन हार्दिक आह्वान गर्दै प्रस्तुत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ को कार्यान्वयनमा सम्वन्धित सवै पक्षहरुको सक्रिय भूमिकाको अपेक्षा गर्दछु ।

मिति : २०७९।०३।१०

**सुनिता नेपाल**
**अध्यक्ष**
**जिल्ला विपद् व्यवस्थापन समिति**
**एवम्**
**प्रमुख जिल्ला अधिकारी**
**प्यूठान**

# मन्तव्य

जीवनमा एक्कासी विपद् आई जीउ धनमालको क्षति हुनुका साथै जीवनचक्र नै अस्तव्यस्त पारिदिन्छ । विपद्को घटनापछि भएको क्षतिलाई परिपूर्ति गर्नका लागि अत्यधिक खर्च र मिहेनत लाग्ने गरेको छ । विपद्मा परेकाहरुको मानसिक अवस्थालाई पूर्ति गर्न वर्षौ लागेता पनि कहिलेकाही सोको नतिजा सन्तोषजनक नभएको पाइएको छ ।

झिमरुक गाउँपालिकामा सकभर विपद्को जोखिम नै नहोस यदि भइहालेको खण्डमा त्यसको प्रभावलाई न्यून गर्नका लागि जिल्ला विपद् व्यवथापन समिति, गाउँपालिका विपद् व्यवस्थापन समितिको अग्रसरता र विभिन्न सरोकारवालाहरुको सक्रियतामा **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, झिमरुक - २०७९** तयार गरी आएका थप सुझावहरुलाई समोवश गरी कार्यान्वयनतर्फ अग्रसरता लिने कुरामा जोड दिएको छ ।

विपद् परेपछि गरिने खर्चको कयौं गुणा कम रकम विपद् पूर्वतयारीमा उपयोग गरेमा विपद्को क्षति न्युन गरी ठूलो दुर्घटनाबाट जोगाउन सकिन्छ । झिमरुक गाउँपालिका विपद्को दृष्टिले संवेदनशील भएको हुँदा वर्षेनी विपद्बाट हुने क्षतिलाई न्यून गर्न विपद् प्रभावित वडाहरुमा समुदायमा आधारित विपद् व्यवस्थापन योजना निर्माण गरी सूचीकृत गरिएका कार्यक्रमहरु र रणनीतिहरु कार्यान्वयन तिर उन्मुख हुनपर्ने देखिन्छ । समुदाय, वडा र पालिका देखि जिल्ला स्तरमा विपद् व्यवस्थापन पूर्वतयारी योजना बनाई लागू गरिएको खण्डमा अति नै महत्वपूर्ण हुनेछ । संकटमा परेका व्यक्ति/समुदायहरुबाट स्वतःस्फूर्त योजना बनाई लागू भएको योजनाको प्रभावकारिता, दिगोपन र अपनत्व रहने कुरामा हामी एकमत नै हुनेछौं ।

भविष्यमा गाउँपालिकामा हुने सम्भावित विपद्लाई मध्येनजर गरी बनाइएको यस योजनामा वडा देखि र गाउँपालिका स्तरसम्मका भौतिक पूर्वाधार, आन्तरिक र बाह्य क्षमता, यातायात, सडक, स्वास्थ्य, खानेपानी, शिक्षा, सूचना कक्ष र भण्डारणको स्थापना देखि चौबिसै घण्टा सामाग्री सहित तयार रहेका नेपाली सेना, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी लगायत विभिन्न संघ संस्थामा आबद्ध तालिमप्राप्त दक्ष जनशक्ति (स्वंयसेवक) हरुको लेखाजोखा गरी समयानुकूल प्रयोगमा ल्याउन सकिन्छ । पूर्वतयारीका लागि आवश्यक श्रोत र साधन आन्तरिक र दातृ निकायहरुसँग जुटाउने कार्यको प्रारम्भ भएको छ भने थप उर्जा प्राप्त गर्न नियमित तथा आकस्मिक बैठक बस्ने गरेकोमा यसलाई व्यवस्थित र निरन्तरता प्रदान गर्ने लक्ष्य रहेको छ ।

वर्तमान समयमा विश्व नै शहरीकरण तिर उन्मुख भैरहेको अवस्थामा यस गाउँपालिका पनि यस समस्याबाट दिनानुदिन ग्रसित हुँदैआएको छ । विभिन्न समुदायबाट स्थानान्तरण भै आएका व्यक्ति/समुदायको आ-आफ्नै ढंगको रितिरिवाज, रहनसहन र बानी व्यहोरा हुनेगरेको हुन्छ । गाउँपालिकाद्वारा बनाइएका योजनाहरुलाई कार्यान्वयन गर्न कठिनाई हुने गरेकोमा यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले सहयोगीको भूमिका निर्वाह गर्नेमा हामी विश्वस्त छौ ।

मिति : २०७९।०३।१२

**पित बहादुर महतरा क्षेत्री**
**अध्यक्ष**
**स्थानीय विपद् व्यवस्थापन समिति**
**झिमरुक गाउँपालिका, प्यूठान**

**शब्दसंक्षेप**

| | |
|---|---|
| गापा | गाउँपालिका |
| नपा | नगरपालिका |
| गैसस | गैर सरकारी संस्था |
| जिसस | जिल्ला समन्वय समिति |
| जिविव्यस | जिल्ला विपद् व्यवस्थापन समिति |
| जिवका | जिल्ला वन कार्यालय |
| जिकृविका | जिल्ला कृषि विकास कार्यालय |
| जिप्राका | जिल्ला प्राविधिक कार्यालय |
| जिशिअ | जिल्ला शिक्षा अधिकारी |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिस्वाका | जिल्ला स्वास्थ्य कार्यालय |
| जिभूका | जिल्ला भूसंरक्षण कार्यालय |
| जिपसेका | जिल्ला पशु सेवा कार्यालय |
| नेरेसो | नेपाल रेडक्रस सोसाईटी |
| नेकपा | नेपाल कम्यूनिष्ट पार्टी |
| ने का | नेपाली काँग्रेस |
| जसपा | जनता समाजवादी पार्टी |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| राजमो | राष्ट्रिय जनमोर्चा |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| मविवाअ | महिला विकास तथा बालबालिका अधिकृत |
| मविवाका | महिला विकास तथा बालवालिका कार्यालय |
| स्थाविअ | स्थानीय विकास अधिकारी |
| सप्रजिअ | सहायक प्रमुख जिल्ला अधिकारी |
| स्था.वि.व्य.स. | स्थानीय विपद् व्यवस्थापन समिति |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| DCC | District Coordination Committee |
| DDMC | District Disaster Management Committee |
| DEOC | District Emergency Operation Center |

| | |
|---|---|
| DTO | District Technical Office |
| DPHO | District Public Health Office |
| FCHV | Female Community Health Volunteer |
| GBV | Gender Based Violence |
| HEOC | Health Emergency Operation Center |
| LEOC | Local Emergency Operation Center |
| MIRA | Multi Sectoral Initial Rapid Assessment |
| NEOC | National Emergency Operation Center |
| NFI | Non-Food Items |
| NGO | Non-Governmental Organization |
| NRCS | Nepal RedCross Society |
| PCVA | Participatory Capacity and Vulnerability Assessment |
| RRT | Rapid Response Team |
| TLC | Temporary Learning Center |
| WASH | Water Supply, Sanitation and Hygiene Promotion |
| WDO | Women Development Office |

# विषयसूची

| विषय | पृष्ठ नं. |
|---|---|


## परिच्छेद एक
### प्रारम्भिक

१.१ पृष्ठभूमि १
१.२ योजनाको उद्धेश्य १
१.३ योजना तर्जुमा प्रक्रिया २
१.३.१ झिमरुक गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक २
१.३.२ आधारभूत अध्ययन ३
१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक ५
१.३.४ कार्यशाला गोष्ठी ५
१.३.५ योजनाको मस्यौदा तयारी ५
१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण ६
१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ६

## परिच्छेद दुई
### विपद् जोखिम र व्यवस्थापनको अवस्था

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ७
२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु ७
२.३ विगतका विपद्को अवस्थाको विश्लेषण ७
२.३.१ विपद्को ऐतिहासिक समयरेखा ८
२.३.२ विपद्को आवृत्ति र गम्भिरता ११
२.३.३ विपद्बाट भएको क्षतिको विवरण १३
२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र १४
२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण १६
२.६ पूर्वसूचना प्रणालीको अवस्था १७
२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था १८
२.८ विषयक्षेत्र तथा कार्यजिम्मेबारी १८
२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र १९
२.८.२ खाद्य तथा कृषि क्षेत्र १९
२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र १९
२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वधन क्षेत्र १९
२.८.५ आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र १९
२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र १९
२.८.७ आपतकालीन शिक्षा क्षेत्र १९
२.८.८ शिघ्र पुर्नलाभ क्षेत्र १९

## परिच्छेद तीन
### पूर्वतयारी तथा प्रतिकार्य योजना

३.१ सामान्य पूर्वतयारी योजना २०
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना २०
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना २३
३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना २३
३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको सामान्य पूर्वतयारी योजना २४
३.१.५ आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र २५
३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्र २६
३.१.७ आपातकालीन शिक्षा क्षेत्र २६
३.१.८ शिघ्र पुर्नलाभ क्षेत्र २७

३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना २८
३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना २८
३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना २९
३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको आधारित पूर्वानुमानमा पूर्वतयारी योजना २९
३.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३०
३.२.५ आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३१
३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३२
३.२.७ आपातकालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३३
३.२.८ शिघ्र पुर्नलाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३४
३.३ आपातकालीन प्रतिकार्य (कार्यविधि) योजना ३४
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपातकालीन प्रतिकार्य योजना ३५
३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ३६
३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ३७
३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको प्रतिकार्य योजना ४०
३.३.५ आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ४१
३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना ४३
३.३.७ आपातकालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ४४
३.३.८ शिघ्र पुर्नलाभ क्षेत्रको प्रतिकार्य योजना ४६

## परिच्छेद चार
### बन्दोबस्ती सामाग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

४.१ श्रोत साधनको वर्तमान अवस्था ४७
४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ४७
४.३ बन्दोबस्ती सामग्रीको आँकलन ४७
४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल ४८
४.३.२ मानवीय सहायता स्थल ४८
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ४८

## परिच्छेद पाँच
### विविध

५.१ श्रोत साधनको व्यवस्थापन ४९
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ४९
५.३ योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप ५१
५.३.१ सूचक तथा लक्ष्यहरु ५१
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ५२
५.३.३ अनुगमन, मूल्याङ्कन तथा सिकाइ नमूना फाराम ५३
५.३.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका ५३
५.४ क्षमता विकास र रणनीति योजना ५३
अनुसूची - १ प्राविधिक कार्यसमूहको प्रथम बैठकको कार्यसूची ६०
अनुसूची - २ स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राविधिक कार्यसमूहलाई प्रदान कार्यदेश ६०
अनुसूची - ३ सरोकारवाला निकायको पहिचान तालिका ६१
अनुसूची - ४ विषयक्षेत्रको प्रथम बैठकको कार्यसूची ६२
अनुसूची - ५ विषयक्षेत्र सदस्य संस्थाको कार्यशर्त (नमूना) ६२
अनुसूची - ६ अगुवा सहयोगी संस्थाको कार्यशत ६३
अनुसूची - ७ कार्यशाला गोष्ठीको कार्यसूची ६३
अनुसूची - ८ झिमरुक गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरुको विवरण ६४
अनुसूची - ९ झिमरुक गााउँपालिका विषयक्षेत्रका अगुवा संस्थाका पदाधिकारीहरुको विवरण ६४
अनुसूची - १० विषयक्षेत्र अर्न्तगतका सरोकारवाला निकाय तथा संस्थाहरुको विवरण ६६

१०.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र ६६
१०.२ खाद्य तथा कृषि बिषयगत क्षेत्र ६६
१०.३ स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र ६७
१०.४ खानेपानी सरसफाई तथा स्वच्छता प्रर्बधन विषयगत क्षेत्र ६७
१०.५ आपातकालीन आश्रय तथा गैरखाद्य बिषयगत क्षेत्र ६७
१०.६ संरक्षण तथा सुरक्षा विषयगत क्षेत्र ६७
१०.७ शिक्षा विषयगत क्षेत्र ६७
१०.८ शिघ्र पुर्नलाभ विषयगत क्षेत्र ६८
अनुसूची -११ प्रतिकार्यका लागि उपलब्ध जनशक्ति तथा संस्थाहरुको विवरण ६८
अनुसूची -१२ योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संश्लेषण प्रारुप ६९
विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण कार्यशालमा उपस्थित सहभागीहरुको विवरण ७०
**सन्दर्भ सामाग्री** ७१

# परिच्छेद एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ । संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन् । साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय स्तर सम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशिल रहेका छन् । स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो । स्थानीय तहमा गरिने विपद् व्यवस्थापनका सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नुपर्ने हुन्छ । विद्यमान कानूनी व्यवस्था अनुरुप प्रत्येक स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने प्रावधान रहेको छ ।

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरु मध्ये एक हो । विश्वका १ सय ९८ मूलुकमध्ये नेपाल भूकम्पीय जोखिमका दृष्टिले ११ औं, पानीजन्य विपद् जोखिमको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ । बहु-प्रकोपको जोखिममा २०औं स्थानमा र प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेष गरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगोलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारी जस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिबारेहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिवर्ष विभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये वार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगोलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेको छ ।

सन् २०१९ देखि फैलिएको कोरोना भाइरस (कोभिड -१९) को महामारीले पनि अहिले सम्म नेपालमा ११,००० भन्दा बढी मानिसहरुले ज्यान गुमाउनु परेको छ । कोभिडको रोकथाम र उपचारका लागि राज्यकोषबाट ठूलो धनराशी खर्चिनु परेको र महामारी फैलन नदिन समय समयमा बन्दाबन्दी गर्नु परेकोले मूलुकको अर्थतन्त्रमा ठूलो धक्का पुगेको छ । फलस्वरुप सर्वसाधारण जनताको जीविकोपार्जनमा असहज अवस्था श्रृजना भएको छ ।

कमजोर भू-वनौट, जटिल भूगर्भिय संरचना, बदलिंदो जलवायुको अवस्था, बढ्दो शहरीकरण, जनसंख्या बृद्धि तथा मानवीय हेलचेक्राई र असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विश्लेषणका आधारमा नेपालमा कुनैपनि बेला धेरै ठूलो खालका भूकम्प जान सक्ने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ सालको बैशाख १२ र २९ गते आएका भूकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतीका भूकम्पहरु आउने अनुमान गरिदैं छ । यस्तै हरेक वर्ष जस्तो कोशी, कर्णाली, महाकाली, राप्ती लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । विपद्का सवालमा हामीले बेलैमा सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौं भने विपद्को क्षतिलाई उल्लेख्य मात्रामा न्यून गर्न सक्नेछौं र विपद् उत्थानशिल गाउँपालिका बनाउन सफल हुनेछौं । त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीय स्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघसंस्थाहरु, निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य आवश्यकता पर्दछ ।

प्रस्तुत सन्दर्भमा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा (२) को खण्ड (न)** र नेपाल सरकारबाट जारी **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६** अनुरुप यस झिमरुक गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

### १.२ योजनाको उद्धेश्य

यस झिमरुक गाउँपालिकाको विपद् व्यवस्थापनको पूर्वतयारी यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी वनाई विपद्को समयमा प्रभावितहरुको जनधन र सम्पत्तीको सुरक्षा र संरक्षण गरी मानवमाथि पर्ने नकारात्मक प्रभावको सामना गर्न स्थानीय श्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई प्रभावकारी रुपले मानवीय सहयोग प्रदान गर्नु यस योजनाको मुख्य उद्धेश्य हो । यस योजनाका विशिष्ट उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

(क) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरुको भूमिका तथा जिम्मेबारी निर्धारण गर्नु ,
(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेबारे तथा सहयोगी निकायहरुको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्शाङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क संकलन र विश्लेषणको आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामन्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी, तथा आपातकालीन प्रतिकार्यका क्रियाकलापहरु तय गर्नु र,

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध श्रोत, साधन एवं सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन, प्रक्षेपण र प्रबन्ध गर्नु ।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले नगर/गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषय क्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार यस झिमरुक गाउँपालिकाले सहभागीमूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ । यस योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः




### १.३.१ झिमरुक गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि सर्वप्रथम मिति २०७८ चैत्र ८ गते गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो । बैठकले योजना तर्जुमा गर्न ८ वटा विषयगत क्षेत्रहरुको तर्जुमा गर्नुका साथै विगतका विपद्का घटनाहरुको तथ्याङ्क, प्रकोप नक्शाङ्कन, संकटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि प्राविधिक कार्य समूह (Technical Working Group) गठन गरी गौमुखी इन्जिनीयरिङ सर्भिस प्रा. लि. ललितपुरलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणका लागि स्थानीय विपद् व्यवस्थान समितिको बैठकले उक्त परामर्शदातालाई काम, कर्तव्य र जिम्मेबारी सहित **अनूसूची २** अनुरुपको कार्यदिशा प्रदान गर्‍यो । बैठकले पालिका तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी दिइएकोमा सरोकारवालाहरुको पहिचान सहितको विवरण **अनूसूची ३ मा** उल्लेख गरिएको छ ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थान समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी नीति, योजनाहरु, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, प्यूठान २०७८, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरु र प्रकोप नक्शा लगायत अन्य सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो । योजना तर्जुमाका क्रममा देहायवमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### नेपालको संविधान, २०७२

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको नेपालको संविधान २०७२ ले राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । **नेपालको संविधान २०७२ को अनुसूची - ७** मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुर्नलाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय वनाएको छ । साथै **अनुसूची - ८** मा विपद् व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने संविधानको **धारा ५१ मा राज्यको नीतिहरुको खण्ड (ज)** प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद् पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

### विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न **दैवी प्रकोप (उद्धार) ऐन, २०३९** लाई प्रतिस्थापन गर्दै जारी भएको **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रबन्ध गरी विपद् पूर्व, विपद्को समयमा एवं विपद् पश्चात्को अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेबारी समेत निर्धारण गरेको छ ।

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साविकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्वन गरी विपद्लाई समेत मूलप्रवाहीकरण गर्दै विपद् अनुकुलका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** जारी गरिएको हो । उक्त ऐनको **परिच्छेद ३** मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

### विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५

विपद् जोखिमबाट सुरक्षीत, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्वन गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य रुपमा कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुबिधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपद्ले पुर्याउने क्षति एवं अवरोधलाई कम

गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ। यस गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी देहायमा उल्लेखित ऐन तथा नीति नियमहरु निर्माण गरिएको छः

**झिमरुक गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६**
**विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०७४ (पहिलो संशोधन) २०७७**
**झिमरुक गाउँपालिकाको कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७**

यस झिमरुक गाउँपालिकामा माथि उल्लेखित दस्तावेजहरुको अलवा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा प्रतिवेदनहरु नभएको पाइयो।

## क. विगत वर्षका विपद्का घटनाहरुको विश्लेषण

झिमरुक गाउँपालिका विपद् जोखिमको दृष्टिकोणले मध्य जोखिममा रहेको देखिन्छ। २०७२ सालको भूकम्पले यस गाउँपालिकामा भौतिक संरचनाहरुमा सामान्य क्षति पुर्‍याएको, जनजीवनमा आतङ्क सिर्जना गरेको थियो। हावाहुरीले विगतका वर्षमा १ जनाको ज्यान लिएको, विद्यालयको छाना र घरका छानाहरु उडाएको, बर्षातको समयमा आउने बाढीले खेतीयोग्य जमिनहरु बगाउने र कटान गर्ने गरेको, बाढीको कारण विगत ३० वर्षमा २ जनाले ज्यान गुमाउनु परेको देखिन्छ। यस गाउँपालिकाको अर्को प्रमुख प्रकोपको रुपमा रहेको पहिरोले विगतका वर्षहरुमा घर गोठहरु उल्लेख्य मात्रामा पूर्ण रुपमा नोक्सान गरेको, खानेपानी ट्यांकी ढालेको र बिजुलीको खम्बा, सिंचाइ कुलो, खेतीयोग्य जमिनहरु पुरेको देखिन्छ। चट्याङको कारण विगतमा ३ वटा पशु वस्तुहरु मरेको, १२ जना घाइते मध्ये ५ जना विद्यार्थीहरु घाइते भएका र ३ जनाको मृत्यु भएको पाइन्छ। विगत केहि वर्ष यता चट्याङको कारण वर्षेनी जसो १ जनाको ज्यान लिने वा मानिसहरु घाइते गराउने र घर गोठमा आगोलागी समेत हुने गरेको देखिन्छ। कोभिड - १९ को कारणबाट हालसम्म १४ जनाले ज्यान गुमाएको पाइन्छ। प्रायः गाउँपालिका क्षेत्रभरी नै चार पाँच वर्षको अन्तरालमा असिनाले अन्नवाली, हिउँदे खेती तथा फलफूल, तरकारी वाली नष्ट गर्ने गरेको पाईन्छ। मौसमी खडेरीले समेत खेतीवाली र तरकारी वालीलाई प्रभाव पार्ने गरेको छ। जङ्गली जनावरहरु विषेश गरी बदेंल, मृग, दुम्सी र बाँदरको आक्रमणले खेतीवाली र फलफूलको क्षति हुने गरेको, अझ बाँदरले त धेरै नै आतङ्क सिर्जना गरेको पाइन्छ। प्रत्येक वर्ष जस्तो हुने आगोलागीले घर गोठ, उल्लेख्य संख्यामा पशु वस्तुहरु लगायत वन जङ्गल र जङ्गली जनावरहरुको क्षति गर्ने गरेको पाइन्छ। विगत ३० वर्षको अन्तरालमा यस गाउँपालिकाका २ जनाले आगोलागीका कारण ज्यान गुमाउनु परेको छ। पालिका भित्र कच्चि धुले सडकहरु धेरै भएकोले बेला बेलामा साना ठूला सबारी दुर्घटना पनि हुने गरेको पाइन्छ। यसरी विगतको विपद्को इतिहासलाई विश्लेषण गर्दा यस गाउँपालिकामा विगत ३० वर्ष भित्रमा कोभिड - १९, बाढी, आगोलागी र चट्याङ जस्ता विपद्को कारणबाट २१ जना मानिसहरुले ज्यान गुमाउनु परेको देखिन्छ। त्यसैले विपद् जोखिमका दृष्टिले यो गाउँपालिका मध्यम जोखिममा देखिन्छ। ***(विस्तृत विवरण दफा २.३.१ मा उल्लेख गरिएको छ)***

विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाईका दृष्टिकोणले गा.वि.स.हुँदा देखि नै विपद् व्यवस्थापनको क्षेत्रमा खासै उल्लेख्य अभ्यासहरु गरेको पाइदैन। हाल यस गाउँपालिकामा विगत ३० वर्षमा ठूलो खालको विपद्को घटनाहरु घटेको पाइदैन। तर गत वर्षदेखि फैलिएको कोरोना भाइरसले जनजीवनमा धेरै असर गरेको र १४ जनाको मृत्यु भएको अवस्था छ।

## ख. **झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटमा** वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा निम्न कार्यहरु गरिने लक्ष्य राखेको छः **नीति तथा कार्यक्रमको** बुँदाहरुमा;-

**महामारी निगरानी प्रणालीः ११**) कोभिड -१९ महामारी रोकथाम नियन्त्रण उपचारका लागि ओखरकोट स्वास्थ्य चौकी रहेको स्थान ढाँडाामा चिकित्सकीय सेवा सहितको ५ बेडको अस्थायी कोभिड अस्पताल स्थापना गरी सञ्चालन गरिएको छ।

**१२**) सबै वडाहरुमा आधारभूत स्वास्थ्य सुबिधा उपलब्ध गराउन स्वास्थ्य चौकी नभएका वडाहरु ३, ४ र ८ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी आवश्यक जनशक्ति र स्वास्थ्य सामाग्रीहरुको व्यवस्था मिलाइएको छ। साथै भवन निर्माण कार्य शुरु भैसकेको छ।

**८९**) विपद् प्रतिकार्य योजना तयार गरी जोखिमका क्षेत्रहरु पहिचान गरी त्यसको संरक्षण गरिनेछ।

**९०**) गाउँपालिका भित्रका सामुदायिक वन संरक्षण गरिनेछ। सडक किनारामा हरियाली प्रर्बधन गरिने छ। ठूला परियोजनाको निर्माण वातावरणीय परीक्षण प्रणालीलाई कडाईका साथ अवलम्वन गरिनेछ। भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान दिइनेछ।

९१) दैवी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने जोखिम व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।

९२) कोभिड -१९, वर्षात्को समयमा हुने बाढी, पहिरो, हावाहुरी, असिना, चट्याङ, आगोलागी जस्ता आकस्मिक रुपमा हुने प्रकोप तथा विपद्लाई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ साथै राहत उद्धारको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ***। (झिमरुक गाउँपालिकाको वार्षिक गाउँ विकास योजना २०७८/०७९)***

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

विषयक्षेत्र अन्तर्गत पर्ने सरोकारवालाहरुको पहिचान, सामन्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपतकालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित श्रोतहरुको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरुमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरु सञ्चालन गरिएको थियो । विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न ८ वटा विषयक्षेत्र समितिहरु गठन गरियो । जस अनुसारः-

(१) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र,
(२) खाद्य तथा कृषि क्षेत्र,
(३) स्वास्थ्य तथा पोषण क्षेत्र,
(४) खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वधन क्षेत्र,
(५) आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र,
(६) संरक्षण तथा सुरक्षा क्षेत्र,
(७) आपतकालीन शिक्षा क्षेत्र,
(८) शिघ्र पुर्नलाभ क्षेत्र ।

माथि उल्लेखित विषयक्षेत्रहरुको बैठकको कार्यसूची **अनुसूची -४** मा व्यवस्था गरिएको छ । विषयक्षेत्रका सदस्य संस्था (Cluster Member) र ती निकायहरुको कार्यशर्त **अनुसूची -५** मा तथा अगुवा सहयोगी संस्था (Lead Support Jgency) को कार्यशर्त **अनुसूची -६** मा समावेश गरिएको छ ।

### १.३.४ कार्यशाला गोष्ठी

विषयक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा विपद् पूर्वतयारी तथा प्रतिकार्य निर्माणका लागि सङ्कटासन्नता तथा क्षमता आँकलन विषयक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा प्रर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । कार्यशालामा विषयक्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजना उपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो । कार्यशाला गोष्ठीको कार्यसूची **अनुसूची -७** मा संलग्न रहेको छ ।

२०७८ साल चैत्र २० गते संयुक्त कार्यशालाबाट थप सूचनाहरु संकलन गर्नुका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु, विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरु, स्थानीय सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु, झिमरुक गाउँपालिका लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा कार्यशाला सम्पन्न भयो । उक्त कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञको तर्फबाट **गौमुखी इन्जिनीयरिङ सर्भिस प्रा. लि. ललितपुरले** गरेको थियो । योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सहयोग उपलब्ध रहेको थियो ।

### १.३.५ योजनाको मस्यौदा तयारी

प्यूठान जिल्लाको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८", उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयक्षेत्रहरुको छलफल र द्धितिय श्रोतबाट सङ्कलन गरिएका सूचनाहरु र कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझावहरु समावेश गरी यस झिमरुक गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अन्तिम मस्यौदा तयार गरिएको छ ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्ता क्रियाकलापहरु कार्यान्वयन गर्ने क्षमता गाउँपालिका तहमा उपलब्ध भए नभएको र सुनिच्श्रित गर्न सरोकारवालाहरुको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation Exercise) मार्फत परीक्षण समेत गरिएको थियो । यसबाट प्राप्त पृष्ठपोषणलाई यस योजना निर्माणको क्रममा समावेश गरिएको छ ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

मिति २०७९ असाढ ४ गते बसेको स्थानीय विपद् व्यवस्थापन समिति र गाउँपालिकाका पदाधिकारी सम्मिलित कार्यशाला तथा कृत्रिम घटना अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, संघ संस्था र विज्ञहरुको सुझाव लिइएको थियो । यसरी प्राप्त सुझाव तथा पृष्ठपोषणहरुलाई स्थानीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको छ ।

# परिच्छेद दुई
## विपद् जोखिम र व्यवस्थापनको अवस्था

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

झिमरुक गाउँपालिका लुम्बिनी प्रदेश अर्न्तगत प्यूठान जिल्लामा अवस्थित एक रमणीय गाउँपालिका हो । यस गाउँपालिकामा पहाडी ग्रामिण बस्तीहरु र आधा दर्जन भन्दा बढि सानातिना खोलानालाहरु रहेका छन् । प्राकृतिक श्रोतका हिसाबले गाउँपालिका सम्पन्न छ । यो गाउँपालिका समुद्री सतहबाट ८६८ मिटर देखि २१९९ मिटरको उचाईमा अवस्थित छ तथा ८२ डिग्री ५५ मिनेट ३० सेकेण्ड उत्तर देखि ८३ डिग्री ३ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर र २८ डिग्री ५ मिनेट ३० सेकेण्ड देखि २८ डिग्री १२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षाशंमा फैलिएको यो पालिकाले १०६.९३ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । यस गाउँपालिकामा अधिकतम तापक्रम ४६ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ० डिग्री सेल्सियस सम्म रहेको पाईन्छ । यो गाउँपालिका सङ्घीय राजधानी काठमाडौंबाट ४२४ कि.मि. को दुरीमा, प्रदेश राजधानी बुटवलबाट करिव १६६ कि.मि. दुरीमा र जिल्ला सदरमुकाम खलङ्गाबाट करिव १९ कि.मि. को दुरीमा रहेको छ । यस गाउँपालिकाको केन्द्र वडा नं. ४ भ्यागुतेमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा गुल्मी जिल्ला, पश्चिममा नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिका, उत्तरमा नौबहिनी गाउँपालिका र दक्षिणमा प्यूठान नगरपालिका, मल्लरानी गाउँपालिका, अर्घाखाँची जिल्ला पर्दछन् । २०७३ फागुन २२ मा साविकका ओखरकोट, बादिकोट, बागेंमरोठ, तोरवाङ र तुषारा गरी ५ वटा गा.वि.स. र लिबाङ गा.वि.स.का वडा नं. ७, ८ र ९ समावेश गरी यस गाउँपालिकाको निर्माण गरिएको थियो । प्रशासनिक तथा राजनीतिक दृष्टिले यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गर्नुका साथै संघीय संसदमा एउटा निर्वाचन क्षेत्र र प्रदेशसभाको लागि २ वटा निर्वाचन क्षेत्र कायम गरी लुम्बिनी प्रदेश अन्तर्गत राखिएको छ ।

जनगणना २०६८ र झिमरुक गाउँपालिकाको पार्श्वचित्र २०७८ अनुसार, यहाँ जम्मा ५,८६८ घरधुरीमा कुल २७,९३१ जनसंख्या बसोबास गर्दछन् । जसमध्ये पुरुषको जनसंख्या १२,११७ र महिलाको जनसंख्या १५,८१४ रहेको छ । औसत परिबारे संख्या ४.०६ एवं जनघनत्व १.२३ प्रति वर्ग कि.मि. रहेको छ । जातीयताको आधारमा, यस गाउँपालिकामा सबैभन्दा धेरै जनसंख्या क्षेत्री समुदायको पाइन्छ । यसैगरी कामी, व्राम्हण, दशनामी, मगर, गिरी, पुरी तथा अन्य जातजातीको पनि उल्लेख्य बसोबास रहेको छ ।

यस गाउँपालिकाको शैक्षिक स्तर निकै राम्रो छ । गाउँपालिकाका सबै मानिसहरु साक्षर छन् । गाउँपालिका भित्रका सबै मानिसहरुले आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेका छन् । त्यस्तै यस गाउँपालिकाका मानिसहरुको मुख्य आम्दानीको श्रोत कृषि हो । त्यसका अलवा गाउँपालिकाका मानिसहरु स्वदेश तथा विदेशको रोजगारीमा समेत निर्भर छन् । यहाँ बग्ने प्रमुख नदीनालाहरुमा झिमरुक तथा गर्तंग, काउले खोलो र गब्दी खोलो रहेका छन् । यस गाउँपालिकामा दलहन जन्य खेती, धान, कोदो, मकै, गहुँ, आलु, तेलहन वाली, मौसमी तथा बेमौसमी तरकारी वाली, फलफूलहरु राम्रो उत्पादन भएको पाइन्छ भने साना देखि ठूला व्यापार व्यावसायहरु र पर्यटन व्यवसाय पनि राम्रो अवस्थामा रहेको छ । यातायात सुबिधाको दृष्टिकोणले गाउँपालिका केन्द्रसम्म १२ महिना र अन्य वडाहरुमा कच्चि धुले सडकहरु मौसमी रुपमा मात्र सञ्चालनमा रहेको देखिन्छ । ***(स्रोतः झिमरुक गाउँपालिकाको डिजिटल पार्श्वचित्र २०७८)***

### २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

यस गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरुमा पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावर आतङ्क ( बाँदर, दुम्सी, बदेंल, मृग, आदि), चट्याङ, असिना, हिमपात, सुख्खा खडेरी आदि रहेका छन् । गाउँपालिकाको विपद् जोखिमको पार्श्वचित्र र गाउँपालिका स्तरको सङ्कटासन्नता र क्षमता विश्लेषण कार्यशालाबाट प्राप्त सूचनाका साथै वडागत रुपमा गरिएको प्रकोप, विपद् जोखिम र क्षमता विश्लेषणका आधारमा पहिरो, आगोलागी, बाढी र चट्याङ जस्ता प्रकोपहरुबाट धेरै जनधनको क्षति हुने गरेको छ ।

अन्य आतङ्क श्रृजना गर्ने प्रकोपहरुमा जङ्गली जनावर आतङ्क, हावाहुरी, असिना, सडक दुर्घटना, सन् २०१९ मा शुरु भएको १४ जना भन्दा बढिको ज्यान लिएको कोरोना महामारी र वि. सं. १९९० साल देखि यता जिल्लागत हिसाबमा खासै ठूलो क्षति पुर्‍याउन नसकेको भूकम्प रहेका छन् ।

### २.३ विगतका विपद्को अवस्थाको विश्लेषण

यस गाउँपालिकाको विगतका विपद्को विश्लेषण गर्दा सबैभन्दा बढि क्षति पहिरो र बाढीले खेतीयोग्य, बस्तीयोग्य, खरबारीका साथै वनजङ्गलको क्षेत्रको बढी क्षति गरेको छ भने मानवीय र पशुपंक्षीहरुको समेत क्षति गरेको

देखिन्छ । आगोलागीले धेरै घर गोठ, वनजङ्गलहरु नष्ट गरेको, मानिसको मृत्यु, घरपालुवा पशु पंक्षी, वन्यजन्तु र पंक्षीहरु समेत नष्ट गरेको पाइन्छ । मानवीय र पशुधनको क्षतिको आधारमा चट्याङबाट धेरै क्षति हुने गरेको, छ । चट्याङको कारण घर गोठ र जङ्गलमा समेत आगोलागी हुने गरेको देखिन्छ । अर्कोतिर जङ्गली जनावर आतङ्क (बाँदर, दुम्सी, बदेंल, मृग, आदि) ले खेतीवाली नष्ट पार्ने, मानिसहरुलाई समेत आतङ्कित पार्ने गरेको पाइन्छ । यसका अलवा बेलावखतमा आउने हावाहुरीले घर गोठ, विद्यालयका छानाहरु उडाउने, खेतीवाली , फलफूलहरु नष्ट गरिदिने गरेको पाइन्छ । ४/५ वर्षको अन्तरालमा पर्ने असिनाले खेतीवाली , फलफूलहरु नष्ट गरिदिने गरेको पाइन्छ भने हिमपातले वडा नं. ८ को जनजीवनलाई बेलावखतमा सामान्य प्रभाव पारेको देखिन्छ । साथसाथै मौसमी सुख्खा खडेरीले खेतीवाली, फलफूलहरुमा प्रभाव पार्ने र कुनै कुनै वर्ष खेतीवाली लगाउने नियमित समयलाई समेत प्रभाव पार्ने गरेको देखिन्छ । कोभिड -१९ को प्रभाव देशैभरी परेकोमा यो गाउँपालिका पनि उच्च रुपमा प्रभावित भएको देखिन्छ ।

समग्र क्षतिको हिसाब गर्दा पहिरो र बाढी एक अर्काका परिपूरक प्रकोप भएकाले यस पालिकामा यी दुई प्रकोपले धेरै क्षति गरेको छ र जसको पुनरावृत्ति पनि उच्च रहेको छ । यी प्रकोपहरु वर्षे पिच्छे आइरहन्छन् र समुदायलाई वर्षात्को समयमा भय पैदा गराउँदछन् । आगोलागी पनि वर्षे पिच्छे दोहोरी राख्ने र बढि मात्रामा क्षति पुर्‍याउने प्रकोपमा पर्दछ । हावाहुरी पनि वर्षेनी आउने घर गोठ र विद्यालयमा क्षति पुर्‍याउने गर्दछ भने अझ बढि सुख्खा मौसममा आगोलागीको लागि सहायक प्रकोप बन्दछ । बढि मानवीय र पशुको क्षति चट्याङको कारण हुन थालेको छ । चट्याङ वर्षेनी आउने र समुदायमा भय पैदा गर्ने गरेको पाइन्छ । बाह्रै महिना बाह्रै काल दुख दिने अर्को प्रकोपमा जङ्गली जनावरको आतङ्क, विषेशगरी बाँदर आतङ्क लगायत बँदेल, दुम्सी, मृग आदिले खेतीवाली, फलफूलहरु नष्ट गरिदिने र मानिसहरुलाई आतङ्कित पार्ने गरेका छन् । असिना, हिमपात र खडेरीको पुनरावृत्ति त्यति धेरै देखिदैन तर वेला वखतमा आउने असिनाले क्षति चाँही धेरै नै गरेको देखिन्छ ।

कोभिड -१९ ले विगतका २ (दुई) वर्षमा निकै नै देशभरि नै भयाभह स्थिति सिर्जना गरेको र १४ जना भन्दा बढि मानवीय क्षति गरेको देखिन्छ । भूकम्पको कुरा गर्दा २०७२ मा आएको भूकम्पले यस गाउँपालिकामा थोरै मात्रामा घरहरु पूर्ण र अन्यमा सामान्य क्षति भएकोले खासै ठूलो प्रभाव पारेको देखिदैन ।

## २.३.१ विपद्को ऐतिहासिक समयरेखाः

यस गाउँपालिकामा विगत तीस वर्ष यता विभिन्न समयमा घटेका प्राकृतिक, गैर-प्रकृतिक तथा जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समयरेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| वडा नं. | विपद् | घटनाको वर्ष | विषय क्षेत्रमा परेको प्रभाव | प्रभावित स्थान/क्षेत्र | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| १ | कोभिड - १९ | २०७७/७८ | स्वास्थ्य | बेताने, सौतामारे | स्वास्थ्य, सरसफाईका आनीबानीहरुमा सुधार गरिएको, कोरोना सम्बन्धी जनचेतना फैलाइएको थियो । |
| २ | | | | बाँदीकोट | |
| ४ | | | | चुँदारा र हुराना | |
| ५ | | | | मच्छी र ओखरकोट | |
| ६ | | | | नेटा, दहखोला, र अर्गेली | |
| ७ | | | | तुषारा, कुताखोला र स्वाँरा | |
| १ | | २०५६ असार २०७६ | धान खेती नष्ट १ घर बगाएको | चमेरे वन बोक्सेपानी | उद्धार |
| २ | | २०७० | बारी, खरबारी पुरिएको | दादरा खपटे | तारजालीद्वारा संरक्षण |
| ३ | | २०५२ देखि २०७७ सम्म | खेतबारी पुरेको | सिस्नेखोला, नब्बे आहलखोला बेंवरे | तारजाली तथा तटवनधन |
| ४ | पहिरो | २०७७ | घर भत्काएको | कुर्ले खोला, अम्बटे | अन्न खाद्य पदार्थ निकालिएको तथा बचाएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | २०७५ | खेतीयोग्य जमीनको क्षति उत्पादन क्षमतामा ह्रास | गर्तंग, बासखोला, खहरे, मच्छी | तारजाली, वृक्षारोपण आफ्नै खर्चमा गरिएको |
| ६ | | २०७८ | खानेपानी र बिजुलीको क्षति, सिंचाई र खेतको क्षति (खाद्य तथा कृषि) | बरबांग, कुटिचौर, सिंचाइकुलो, कैनिखोला | कुलो सञ्चालन गरिएको |
| ७ | | २०५६ | खेतीयोग्य जमीनको क्षति वन, खेत तथा बाटो पुरेको | गाइनेढुंगा, छिपछिपे | जनस्तरबाट बाटो खोलिएको |
| ८ | | २०७३<br>२०६० | स्थायी आश्रयको क्षति<br>विस्थापन | बसाइ, टिमुरचौर<br>चिप्लेपहरा | आश्रयको लागि विद्यालय र खुल्ला चौरमा व्यवस्थापन गरिएको |
| १ | बाढी | २०६० | उत्पादनमा ह्रास मानवीय क्षति कृषि, खोज तथा उद्धार | बालुवा | उद्धार कार्य गरिएको |
| ३ | | २०५२ देखि ०७७ सम्म | उत्पादनमा ह्रास खाद्य तथा कृषि | आहलखोला, लामासेरा | नदी तिरमा तारजाली गरिएको |
| ४ | | २०७२-०७६ सम्म | उत्पादनमा ह्रास खाद्य तथा कृषि | चुदरी खोला तथा कुर्ले खोला क्षेत्र | ढुंगा पन्छाइएको, घर बचाएको, तार जाली लगाएको |
| ५ | | २०६९<br>२०७८<br>२०७६ | घर बाटोको क्षति, पहिरो आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र | भ्यागुते, चुँदारा, ठुलापोखरा बालज्योती प्रा.वि.चुदारा तथा त्यहाँको समुदाय जोखिममा | अन्यत्र घर वनाएका, विद्यालय भवन स्थानान्तरको प्रयास |
| ६ | | २०७७ | खेत र सिंचाई नोक्सान खाद्य तथा कृषि | कैनीखोला, गब्दीखोलाको तटीय भाग | |
| ७ | | २०६२ | खेत कटान खाद्य तथा कृषि | ज्युनेबगर, टारीखेत,बाटुले, पिंडाल्ने | जनस्तरबाट बाढीको क्षति रोक्ने पहल |
| ८ | | २०६५ | व्यक्तिको मृत्यु | झिमरुक नदी रातामाटा | पुल निर्माणको पहल |
| १ | आगोलागी | २०४९<br>२०५१<br>२०५५<br>२०६५<br>२०७४ | अ १३ घरथारा, उरीम जलेर नष्ट<br>- -<br>वनबाट आगो आएर ३ घरगोठ नष्ट<br>१ घर जलेर नष्ट<br>गोठ जलेर गाइवस्तु नष्ट<br>१३ घरगोठ नष्ट | बालुवा<br>बालुवा लामाचौर<br>सौतामारे उपल्लो खर्क<br>लाभचौर<br>टिमुरखर्क | स्थानीय समुदायको आगो नियन्त्रणको प्रयास<br>आगो निभाउनी र राहतको व्यवस्था |
| ३ | | ०५२ देखि ०७७ | वनमा डढेलो, बस्तीमा आगोलागी | रोटेपानी, आफेखोला, लामासेरा, हल्दे र ढाकाडि | स्थानीय स्तरबाट आगो निभाउने प्रयास |
| ४ | | २०७३ | घर गोठ आगोलागी | चुदारामा गोठ तथा थारा घर जंगलहरुमा पटक पटक | अग्नीरेखा वनाई जंगलको आगो नियन्त्रण प्रयास, स्थानीयद्वारा घरको आगो नियन्त्रण |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | २०५२ | घर गोठ तथा परालको आँट जलेको भैंसी ३ बाखा १२ गोरु २ जलेर नष्ट | | आगो नियन्त्रण प्रयास |
| ६ | | २०६५<br>२०५५<br>२०७१ | ४ घर जलेको<br>घरमा आगलागी<br>गोठमा | निन्युखर्क र जनैपोखरा<br>बिष्टटोल,<br>घुम्नेठाँटी | समुदाय आफैले आगो नियन्त्रण गरेको । |
| ७ | | हरेक बर्ष | डढेलो बस्तीमा प्रवेश | सबै स्थान | समुदायद्धारा घरहरु जोगाउन सफल |
| ८ | | २०७७<br>२०५५<br>२०७६<br>२०५९ | गोठमा आगोलागी<br>बाखा १२ नष्ट,<br>१ घर आगोलागीले नष्ट,<br>१ जनाको मृत्यु | दिहाल्नचौर नजिक<br>टिमुरचौर<br>टिमुरचौर<br>झुग्दी | समुदाय आफैले उद्धार प्रयास गरेको |
| १ | जङ्गली जनावर आतङ्क | हरेक बर्ष | हिउँदे तथा बर्षे बालीमा आक्रमण | १ नं.वार्डका सबै टोल | बन्दुक पड्काएर बाँदर धपाउने |
| ३ | | २०६० देखि २०७८ | अन्न तथा तरकारी बाली नष्ट | दारीमचौर, सिम्लेनी, भलापाटा, लामासेरा, अफेखोला तथा बेंवरेभेंडाबारी | घरपालुवा कुकुर तथा मानिसको सहयोगले धपाउने । |
| ४ | | २०७४ देखी अहिले सम्म | हिउँदे तथा बर्षे अन्नबाली नोक्सानी | चौके, चुदारा, हुराना लगाएत वार्ड नं.४ का सबै टोल | मानिस जम्मा भई धपाउने र तर्साउने |
| ७ | | प्रत्येक बर्ष | अन्नबाली | वार्ड नं. ७ का सबै क्षेत्रमा | धपाउने |
| ८ | | प्रत्येक बर्ष | अन्नबाली | रातामाटा, झुग्दि, बसाइ, टिमुरचौर तथा दिहाल्ना | धपाउने |
| १ | हावाहुरी | २०५६ | २० घर भन्दा बढी खरका छाना उडाएको | बालुवा, बढाचौर, टिमुरखर्क सौतामारे | खरको छाना विस्थापित गरी टिनको छाना लगाउदै |
| ३ | | २०५४ देखि २०७१ | १० घरधुरी | दारीमचौर, गौमुखी प्रा.बि.तथा कुटेडाँडा, सिम्लेनी, भलापाटा लामासेरा, अफेखोला तथा बेंवरेभेंडाबारी | खरका छाना विस्थापन गरी टिनका छाना प्रतिस्थापन कार्य थालिएको छ । |
| ४ | | प्रत्येक बर्ष | घरका छाना उडाएको रुख ढालेको | वडाभरी | छानाहरुलाई हावाहुरीले नउडाउने गरी बाँधिएको |
| ५ | | २०४८ | घरगोठको जस्ता पाता उडाएको | झिमरुक गा.पा.माझटोल | स्थानीयद्वारा छाना मर्मतकार्य |
| ६ | | २०५८<br>२०६५ | घरको छानो उडाएको<br>विद्यालयको छानो उडाएको | चिसाबांगमा<br>बालसुधार प्रा.वि. थारुखर्क | वि.व्य.स.ले मर्मत |
| ७ | | २०७५ | रुखबाट लडेर कमला एम.सी.को मृत्यु | खरीरुख टोल | |
| ८ | हिमपात | २०७५ | खेतीपाती तथा फलफुलमा सामान्य देखि पुर्णक्षति | दिहाल्न लेख तथा झुग्दी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | हिउँदेबाली नष्ट | | |
| ४ | | २०७६ | अन्नबाली फलफुल | सबै ठाउँ | |
| ५ | असिना | २०७० | गहुँबाली तथा फलफुल नष्ट | खहरे, गर्तंग, मच्छी | |
| ७ | | २०६५ देखि २०७६ सम्म | हिउँदेबाली नष्ट | सबै स्थानहरुमा | |
| ८ | | २०७७ | हिउँदे खेती पुर्णक्षति | टिमुरचौर दिहाल्न तथा झुग्दी | स्वर्गद्वारी बिउबिजन उपलब्ध गा.पा.बाट अनुदान |
| | चट्याङ | | | | |
| ४ | | प्रत्येक बर्ष | जनजीवनमा त्रास | चौके विद्यालय तथा आसपासका बस्ती | |
| ५ | | २०७१ | ५ जना विद्यार्थी घाइते भैंसी १ जलेको | कुटेडाँडा प्रा.वि.र नेपाने | उद्धार कार्य |
| ६ | | २०७५ | गोठ, २ वटा गाइवस्तु नष्ट | | |
| ७ | | २०६७ | मानवीय क्षति | तुषारा जैसी टोल, ज्ञाने बगर, उपल्लो कोट | |
| ८ | | २०७५<br>२०७५ | मानवीय क्षति<br>घरमा आगोलागी | टिमुरचौर<br>दिहाल्ना | |

*स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यशाला - २०७८ चैत्र, झिमरुक*

### २.३.२ विपद्को आवृत्ति र गम्भिरता

यस गाउँपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भिरताको संक्षिप्त विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| वडा नं. | विपद् विवरण | आवृत्ति (Frequency) | गम्भिरता (Intensity) | कैफियत |
|---|---|---|---|---|
| | कोभिड -१९ | २ वर्ष सम्म लगातार | जनजीवन, व्यापार व्यवसाय, स्वास्थ्य शिक्षा अस्तव्यवस्त | गाउँपालिका पुरै |
| १ | | वर्षमा ३ पटक सम्म | खेतीयोग्य जमिनको नोक्सानी | |
| २ | | २ पटक जस्तो | बारी खरबारी नष्ट | |
| ३ | | पटक पटक अहिले सम्म १३ पटक | बाटो घरबारी | प्रत्येक बर्ष |
| ४ | | १ पटक | घर पुरीएर पुर्णरुपमा क्षति | बस्ती सरेको |
| ५ | पहिरो | प्रत्येक बर्ष | गा.पा.भवन जोखिम<br>चुँदारा बस्ती जोखिम | |
| ६ | | पटकपटक | घरखेतमा क्षति | |
| ७ | | बर्षमा २ देखि ३ पटक | सामान्य | |
| ८ | | पटक पटक | बसाइ तथा चिप्लेपहरा ११ घरधुरी जोखिम | |
| १ | | पटक पटक अहिले सम्म १२ पटक | १ जनाको मृत्यु, हरेक बर्ष खेत कटान | |
| २ | | | | |
| ३ | बाढी | अहिले सम्म १४ पटक | खेतबारी डुबान तथा कटान | प्रत्येक बर्ष |

| | | | | |
|---|---|---|---|---|
| ४ | | ३ पटक | खेती योग्य जमीन कटान र बगरमा परिणत | प्रभावित स्थानमा तारजाली लगाइएको |
| ५ | | प्रत्येक बर्ष | खेतीयोग्य जमिन कटान र बगरमा परिणत | |
| ६ | | अहिलेसम्म १० पटक | कुलो पुरेको | समुदायद्वारा मर्मत |
| १ | आगोलागी | अहिले सम्म ४ पटक | २० घरगोठ नष्ट | |
| २ | | १ पटक | १३ कच्ची घर नष्ट | |
| ३ | | अहिले सम्म १३ पटक | वनमा डढेंलो बस्ती प्रभावित | निभाउने प्रयास |
| ४ | | पटक पटक | घरपुर्णरुपमा क्षति साना बिरुवा नष्ट डढेलो | आगो निभाउन जंगलमा अग्निरेखाद्धारा नियन्त्रण |
| ५ | | १ पटक | गोठ नष्ट २ | आगो निभाउने प्रयास |
| ६ | | पटक पटक | डढेलो | आगो निभाउने प्रयास |
| ७ | | पटक पटक | डढेलो | आगो निभाउने प्रयास |
| ८ | | प्रत्येक बर्ष | १० बस्ती जोखिममा | |
| | | | | |
| १ | जङ्गली जनावर आतङ्क | हरेक बर्ष | बाली तथा फलफूल नष्ट | बँदेल, बाँदर, दुम्सी, मृग तथा खरायो |
| ३ | | पछिल्लो केही बर्ष यता | अन्नबाली नष्ट | बाँदर तथा दुम्सी |
| ४ | | पटक पटक | किसानहरुको अन्नबाली पुर्णरुपमा नष्ट | बाटोमा स्याउला राखि नियन्त्रणमा ल्याउने प्रयास |
| ६ | | पटक पटक | बालीहरुमा नोक्सानी | तर्साउने प्रयास |
| ७ | | पटक पटक | बालीहरुमा नोक्सानी | तर्साउने प्रयास |
| ८ | | पटक पटक | किसानहरुको अन्नबाली पुर्णरुपमा नष्ट | बाटोमा स्याउला राखि नियन्त्रणमा ल्याउने प्रयास |
| १ | हावाहुरी | २ पटक | खरका छाना उडाएका | |
| ३ | | ३ पटक | मकै बाली नष्ट | ठिमाह मकैलगाउने प्रयास |
| ४ | | पटक पटक | जनजीवनमा सामान्य प्रभाव | |
| ५ | | प्रत्येक बर्ष | खरका छाना उडाएका, रुखहरु लडाउने | |
| ६ | | पटक पटक | घरका छानाहरु उडाएको | |
| ७ | | प्रत्येक बर्ष | मानवीय क्षति | सचेतना जगाउने |
| ८ | | | | |
| ८ | हिमपात | पटक पटक | अन्नबाली नष्ट | |
| ५ | असिना | १ पटक | मौसमी बाली नष्ट | |
| ७ | | चार पाँच बर्षमा १ पटक | हिउँदे बाली नष्ट | |
| ४ | चट्याङ | प्रत्येक बर्ष | | |
| ५ | | प्रत्येक बर्ष | बिद्यार्थी घाइते ५जना भैंसी १ जलेको | |
| ६ | | १ पटक | २ गाइवस्तु नोक्सान | |
| ७ | | प्रत्येक बर्ष | मानवीय क्षति ३ जना | |
| ८ | | प्रत्येक बर्ष | १ जनाको मृत्यु चट्याङ पछि आगोलागी घरमा | |

*स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यशाला - २०७८ चैत्र, झिमरुक*

### २.३.३ विपद्बाट भएको क्षतिको विवरण

यस गाउँपालिकामा विगत विगत तीस वर्षमा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छ:

| वडा नं. | विपद्को किसिम | क्षतिको विवरण | मानविय क्षति (संख्यामा) | आर्थिक क्षति (रु. लाखमा) |
|---|---|---|---|---|
| १ | **कोभिड -१९** | मानिसको मृत्यु | २ जना | |
| २ | | | १ जना | |
| ४ | | | २ जना | |
| ५ | | | २ जना | |
| ६ | | | ४ जना | |
| ७ | | | ३ जना | |
| १ | **पहिरो** | १५ रोपनी धान खेती नष्ट बोक्सेपानीमा १ घर बगाएको | | अ १५ देखी २० लाख |
| २ | | बारी खरबारी पुरिएको | | अ २ लाख |
| ३ | | खेतबारी पुरेको | ..... | १५०,००० बराबर नोक्सानी |
| ४ | | घर भत्काएको | छैन | २ लाख बराबरको |
| ५ | | खेतीयोग्य जमीन कटान | छैन | |
| ६ | | खानेपानी ट्यांकी ढालेको र बिजुलीको खम्बा, सिंचाइ कुलो, टारीखेत पुरेको | | ५० हजार बराबरको |
| ७ | | खेती योग्य जमीनको क्षति सामुदायिक वनमा (छिपछिपे), खेत तथा बाटो पुरेको | छैन | १० लाख बराबर |
| ८ | | १ घर पुर्णरुपमा क्षति २ घर सहित बस्ती विस्थापित चिप्लेपहरा तथा बसाइ | छैन | ३० लाख बराबरको क्षति |
| १ | **बाढी** | हरेक बर्ष बालुवा खोलामा बाढी आई खेत कटान र मानिसको मृत्यु | १ जनाको मृत्यु | ३ लाख |
| २ | | | | |
| ३ | | खेत कटान, धान बाली नोक्सानी | | ४ लाख बराबर |
| ४ | | खेत कटान बगरमा परिणत | | १० लाख बराबरको क्षति |
| ५ | | घर पुरेको, भ्यागुतेपानी देखि गा.पा.भवन नजिक सम्म बर्षातको पानीले हरेक बर्ष पहिरो आउने गर्छ । | | |
| ६ | | टारी खेत र कुलो पुरेको | | ३० हजार बराबर |
| ७ | | खेत कटान, कुलो पुरेको | | १५ लाख बराबर |
| ८ | | व्यक्तिको मृत्यु निर्मला गिरी | १ जना | |
| १ | **आगोलागी** | घरगोठ उरीम जलेर नष्ट | .... | ५० लाख भन्दा बढि क्षति |
| २ | | १३ घर नष्ट | | ३० लाख बराबर |
| ३ | | वन जंगल नाश, घरगोठ जलेको | | १००,००० |
| ४ | | घरगोठ नष्ट | | ५ लाख बराबरको क्षति |
| ५ | | गोठमा आगोलागी | | अ ४ लाख बराबर |
| ६ | | घरगोठ तथा वन जंगलमा क्षति | १ जना | २५,००० बराबर |

| | | | | |
|---|---|---|---|---|
| ७ | | घरगोठ, सामुदायिक वन | छैन | ८ लाख |
| ८ | | घरगोठ तथा, जंगलमा आगोलागी | १ जना | ४० लाख बराबरको क्षति |
| १ | **जङ्गली जनावर आतङ्क** | हिउँदे तथा बर्षे बाली | | १ लाख |
| ३ | | अन्नबाली नष्ट | | १ लाख बराबर |
| ४ | | तयारी खेतीबाली नष्ट | | बर्षेनी १० लाख बराबरको क्षति |
| ७ | | बालीनाली नोक्सानी | | १ लाख बराबरको |
| ८ | | तयारी खेतीबाली नष्ट | | १ लाख बराबर |
| १ | **हावाहुरी** | खरका छाना उडाएको रुखहरु भाँचिएको | | १० लाख बराबर |
| ३ | | १० घरको छाना उडाएको | | |
| ४ | | घरका छाना उडाएको रुख ढालेको | छैन | |
| ५ | | घरगोठको जस्ता पाता उडाएको | | ५०,००० बराबर |
| ६ | | घर, विद्यालयको छाना उडाएको | | २ लाख बराबर क्षति |
| ७ | | रुख लडाएको | १ जना | |
| ८ | | छैन | | |
| ८ | **हिमपात** | पटक पटक खेतीपाती तथा फलफूलमा सामान्य देखि पुर्णक्षति | अन्नबाली नष्ट | १ लाख बराबर |
| ३ | **असिना** | हिउँदेबाली नष्ट | | १ लाख बरबरको |
| ४ | | हिउँदेबाली नष्ट | हिउँदेखेती तथा फलफुल तरकारी नष्ट | २ लाख बराबर |
| ५ | | हिउँदेबाली नष्ट | गहुँखेती नष्ट | २०,००० बराबरको |
| ६ | | हिउँदेबाली नष्ट | गहुँखेती नष्ट | ३ लाख बराबर |
| ७ | | हिउँदेबाली नष्ट | गहुँखेती नष्ट | २ लाख बराबर |
| ८ | | हिउँदेबाली नष्ट | अन्नबाली नष्ट | १ लाख बराबर |
| ६ | **चट्याङ** | गाइवस्तुको मृत्यु | | १ लाख बराबर क्षति |
| ७ | | मानवीय क्षति | ३ जना | |
| ८ | | पटक पटक | १ जना | १ लाख बराबर |

*स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्यशाला - २०७८ चैत्र, झिमरुक*

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

झिमरुक गाउँपालिकामा कुन कुन महिनामा के कस्ता प्रकोपहरुको जोखिम रहेको छ भन्ने कुराको विश्लेषण गर्न प्रकोप पात्रोको निर्माण गरिएको छ । यसले गाउँपालिका भित्र कुन कुन प्रकोपको उच्च जोखिम कुन कुन महिनामा मध्यम जोखिम र कुनकुन प्रकोपको कुन महिना न्युन जोखिम छ भन्नेकुरा प्रस्तुत पात्रोले बुझाउँछ । भूकम्प, जङ्गली जनावरको आक्रमण र कोरोना महामारी जस्ता प्रकोपहरु १२ महिना उच्च जोखिम रहेको छ भने बाढी र पहिरोको श्रावण र भदौमा उच्च जोखिम, जेठ, असार र असोजमा मध्यम र बाँकी महिना न्यून जोखिम रहेको छ । हावाहुरी चैत, बैशाखमा उच्च जोखिम, फागुन र जेठमा मध्यम जोखिम र असार देखि माघ सम्म न्यून जोखिममा रहेको छ । त्यसैगरी चट्याङ चैत, **बैशाख, जेठ र भदौ महिनामा उच्च जोखिम**, असार, साउन मध्यम जोखिम र असोज देखि माघसम्म न्यून जोखिममा रहेको छ । यस गाउँपालिकामा असिनाको **चैत्र, बैशाख, जेठ र कात्तिक** महिना उच्च जोखिम र अरु महिना न्यून जोखिम रहेको छ भने आगलागीको चैत, बैशाख र जेठमा उच्च जोखिम, असोज, कार्तिक र फागुनमा मध्यम जोखिम र बाँकी महिना न्यून जोखिम रहेको देखिन्छ । यसबाट गाउँपालिकाका लागि पुर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमामा सहयोगी सिद्ध हुनेछ ।

**प्रभाव क्षेत्रः**

**पहिरोः** यस गाउँपालिकामा पहिरोको कारण जोखिममा रहेको **बस्तीः** वडा नं. १ बोक्से पानीका ३ घरधुरीका १३ जना, त्यस्तै दादरा खपटेका ४ वटा घरधुरीका १५ जना, तल्ला गाउँ खर्क, पल्लाटोल, विद्यालय देखि तल चमेरे, पोखरीडाँडा, बिडडाँडा, गहतेरा र वार्ड नं. ६ को सल्लेरी, चिसाबांग गरी १२२ घरधुरीका गरी ४२२ जना, वडा नं. २ को वादीकोट, वडा नं. ३ सिस्नेखोला, बाँदीखोला, रातामाटा, लामासेरा, भलापाटा, हल्दे, कोटफेराका जम्मा गरी १०९ घरधुरीका करिब अ. ५०० जना, वार्ड नं.४ को उर्लेनी अम्बटे उपल्लो चुँधारा, ढाँडााका ११ घरधुरीका ६० जना, वडा नं. ५ गर्तंगका २ घरधुरी र राजपानी, ठुलापोखराका ७ घरधुरीका २१ जना त्यस्तै उपल्लो चुँदाराका ५ वटा घरधुरी, खहरे, वडा नं.७ कालीमाटी, गाइनेढुङ्गा, बुटेनी, काफ्लेपानीका ५५ घरधुरीका ४२५ जना वडा नं. ८ चिप्लेपहरा, बसाइ टोलका २२ घरधुरीका ७० जना, धाराटोल, टिमुरचौर, सरियाका १० घरधुरी, रातमाटा टिमुरचौरका १० घरधुरी र खालाखर्क लेखका ७ घरधुरी पहिरोको जोखिममा रहेका छन् । यसरी गाउँपालिका भरीमा पहिरोको जोखिममा पर्नसक्ने ३६७ घरधुरी र त्यसमा बसोबास गर्ने अन्दाजी १६२६ जना छन् । पहिरोले क्षति हुनसक्ने जमिन करिव २०० रोपनी रहेको छ । पहिरोको जोखिममा वडा नं. ५ का २ वटा **विद्यालय**हरुमा बाल शिक्षा मा.वि. मच्छी र बाल ज्योति प्रा.वि. झिमरुक, चुँदारा, बाल शिक्षा प्रा. वि. पाडेमेला रहेका छन् । गाउँपालिका भरिका **खानेपानी प्रणाली**हरु समेत पहिरोको जाखिममा रहेको पाइन्छ **। सिंचाई कुलो**हरुमा वार्ड न. ५ ढाँडाा सिंचाइ, सिंचाईकुलो खहरे दारीमचौर, सिंचाई कुलो तथा साठीमुरी सिंचाईकुलो, बालुवा वार्ड नं. ३ को वार्ड नं. ४ को चालिसे, अम्मटे, पिपलटारी र कालढुंगा, सयमुरे, भ्यागुते सिचाई कुलो, पहिरा सिंचाई कुलो रातमाटा, थाप्ला सिंचाई कुलो टिमुरचौर, थापाखोला -निम्रापाटा कानकुमाला सिंचाई कुलो टिमुरचौर पहिरोको जोखिममा रहेका छन् । **सरकारी भवनमा** ५ नं. को वडा कार्यालय र गाउँपालिका भरका सबै घोरेटो तथा मोटर बाटाहरु पहिरोको जोखिममा रहेका छन् ।

**बाढीः** यस गाउँपालिका भित्र बाढीको कारण जोखिममा पर्नसक्ने **बस्ती, घरधुरी र जनसंख्याः** यस गाउँपालिकाको वार्ड नं १ र ४ को गर्तंग, बाँसखोला खहरेमा ४० घरधुरीका १६० जना, वडा नं. २ को वादीकोट, वडा नं. ३ को दारीमचौर, आहलखोला, सिस्नेखोला नब्बेमा १५० घरधुरीका ७५० जना, ओखरकोट, वादीकोट, वार्ड नं.४ को बांगेमरोठ, फेदी, भ्यागुतेमा १२ घरधुरीका १०० जना, वडा नं ५ को मच्छी बजार, ढाँडाा, ओखरकोट, डुंगेरी, वडा नं. ६ को चिसाबांग अर्गेली दहखोलामा १५ घरधुरीका ७५ जना, तोरबाङ्ग, वडा नं. ७ को कालीमाटी, गाइनेढुङ्गा र बुटेनीमा ६० घरधुरीका अन्दाजी ४०० जना, वार्ड नं ८ को गब्दी खोलामा ५ घरधुरीका २५ जना, लिवाङ, तुषारा बाढीको जोखिममा रहेका छन् । **सरकारी भवनः** वडा नं. ५ मा रहेको गाउँपालिका भवन, इलाका प्रहरी कार्यालय । **क्षति हुनसक्ने जमिन** अन्दाजी ५०० रोपनी जग्गा गर्तंग र झिमरुकको तटीय क्षेत्रमा रहेको खेतबारी **विद्यालयः** वडा नं. ४ मा रहेको श्री लक्ष्मी मा. वि.। **स्वास्थ्य** चौकीः वडा नं. ५ मा रहेको ढाँडाा स्वास्थ्य चौकी, **खानेपानी प्रणालीः** झिमरुक गा.पा.का सबै खानेपानी प्रणालीहरु बाढीको जोखिममा रहेका छन् ।

**सिंचाई कुलोः** गाउँपालिकाका सबै सिंचाईकुलाहरु, **बाटोः** वडा नं. ५ मा रहेको ढाँडा बादीकोट मोटर बाटो बाढीको जोखिममा रहेका छन् ।

**आगोलागीः** यस गाउँपालिकामा वडा नं.१ देखि ८ का अन्दाजी ८०० घरधुरी र करिव ३८०० जना आगोलागीको जोखिममा रहेका छन् तिनीहरु वडागत र बस्ती अनुसार छुट्याइएको छ । जसअनुसारः वार्ड नं. १ को सौतामारे, बिडडाँडा, बालुवा वार्ड न. २ को कुभिन्डे, वडा नं. ३ को आफ्रेखोला, दारीमचौर, हल्दे तथा कोठफेरा वडा नं. ४ को चौके, कम्दले, उर्लेनी, बौडा, हर्रे, वडा नं. ५ को ढाँडा टाँडा पोखरी, नेपाने, हिरापोखरी, रातामाटा खहरे, गर्तंग, गहतेरा, वडा नं. ६ कानेपाने, मर्काबांग, लेख चाता पहरा, कुभिन्डे तथा चिचिन्डे, वडा नं. ७ को पिंडाल्ने, हिडडाँडा, कुता, काप्रेखोला, तुषारा उपल्लो कोट, वडा नं. ८ को गब्दी रातामाटा, कोलचौर, टिमुरचौर लेख, चिप्ले पहरा, बसाई, झुग्दी लगायत करिव ६०० हेक्टर ओगटेको सामुदायिक वनहरु आगोलागीका जोखिममा रहेका छन् । यस गाउँपालिकामा वडा नं. ४ को चौकेको ने.रा.प्रा.वि.चौके समेत आगोलागीका जोखिममा रहेको छ ।

**जङ्गली जनावरको आतङ्कः** गाउँपालिकाका सबै क्षेत्रहरुमा बंदेल, बाँदर, खरायो, मृग आदि जनावरले खेतीवाली नोक्सान गरीदिने, मानिसहरुलाई आतङ्कित पार्ने गरेको पाइन्छ ।

**चट्याङ**का कारण जोखिममा रहेको **बस्ती**ः वडा नं. १ को सौतामारे, बिडडाँडा, वडा नं. २ को देउराली, काशीपोखरा वडा नं. ३ को बेंवरे, कुटिडाँडा, वडा नं.४ को चौके, बौंडा, वडा नं. ५ को हिरापोखरी, नेपाने, वडा नं. ६ को लेख,

कुभिन्डे, वडा नं. ७ को गोश्यापोखरा, रोटेपानी, बाखखोर, चुँदरीपोखरा, वडा नं. ८ को लेख दिहाल्न, बसाई, चिप्ले पहरा छन् । त्यस्तै चट्याङका कारण जोखिममा पर्नेसक्ने **विद्यालय**हरुमा वडा नं. ३ को बाल ज्योति प्रा.बि. कुटेडाँडा, वडा नं.४ को ने.रा.प्रा.वि.चौके रहेका छन् ।

**हावाहुरी:** गाउँपालिकाका सबै क्षेत्रहरु हावाहुरीको जोखिममा रहेको छ ।
**सडक दुर्घटनाको कारण** वार्ड नं. ५ को मच्छी बजार तथा ढाँडा बजार जोखिममा रहेको देखिन्छ ।
**हिमपातको कारण** वार्ड नं.४ को कमदले र बौंडा वडा नं. ८ को दिहाल्नका अन्दाजी ६० घरधुरी र त्यहाँका करिव ३०० जनसंख्या जोखिममा रहेको छन् भने बाल शिक्षा प्रा. वि. पाण्डेमेला हिमपातको समयमा प्रभावमा पर्दछ । करिव ३०० रोपनी जमिनको खेतीपातीलाई पनि प्रभाव पार्दछ ।
**असिना**को जोखिम गाउँपालिका भरिनै रहेको पाइन्छ ।
**भूक्षय**को जोखिम सबै वडाहरुमा मध्यम खालको देखिन्छ भने वडा नं. ६ अल्ली बढि जोखिममा रहेको छ ।

## २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

### भूकम्प

हाम्रो देश नेपाल नै भूकम्पको उच्च जोखिममा रहेकोले यो झिमरुक गाउँपालिका पनि भूकम्पको उच्च जोखिममा रहेको छ । यस गाउँपालिका भित्र ५,८६८ घरधुरी रहेका छन् । बजार क्षेत्रका केहि पक्की घरहरु बाहेक अधिकाँश घरहरु ढुङ्गा र माटो प्रयोग गरी निर्माण गरिएको र भूकम्प प्रतिरोधी प्रविधि समेत नअपनाइएकोले १०० कडा ९० प्रतिशत घरहरु ६ रेक्टर स्केल वा सो भन्दा माथिका भूकम्प जाँदा सहजै भत्किने देखिन्छ । करिव २५ हजार भन्दा बढि जनसंख्या प्रभावित हुनसक्ने आँकलन गर्न सकिन्छ । साथै वि.सं. २०७२ सालको भूकम्प अगाडी निर्माण भएका घर, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, सरकारी भवन तथा अन्य भौतिक संरचना निर्माणमा भूकम्प प्रतिरोधी प्रविधि अपनाएको पाइदैन ।

**जोखिममा पर्नसक्ने विद्यालय:** यस गाउँपालिका भरिमा सामुदायिक र संस्थागत गरी १० वटा मावि, ८ वटा निमावि र ३६ वटा गरी जम्मा ५४ वटा विद्यालय रहेकोमा १८ वटा विद्यालयहरु बाहेक अन्य विद्यालयहरु भूकम्पको जोखिममा रहेका छन् । ***(श्रोतहरुको विवरणमा उल्लेखित विद्यालयहरु बाहेकका)***
यस गाउँपालिका भित्र **पहिरो:** यस गाउँपालिकामा पहिरोको कारण जोखिममा ३२ वटा जति बस्ती, ३४० घरधुरी र अन्दाजी १६२६ जना, जमिन करिव २०० रोपनी, २ वटा विद्यालय भवन, गाउँपालिका भरिका खानेपानी प्रणाली, १० वटा जति सिंचाई कुलो, ५ नं. को वडा कार्यालय र गाउँपालिका भरका सबै घोरेटो तथा मोटर बाटोहरु रहेका छन् ।

**आगोलागी:** यस गाउँपालिकाका अन्दाजी ३७ वटा गाउँ बस्ती, ८०० घरधुरी र करिव ३८०० जना, विद्यालय भवन १ र करिव ६०० हेक्टर ओगटेको सामुदायिक वनहरु आगोलागीको जोखिममा रहेका छन् । **बाढी**को कारण जोखिममा पर्नसक्ने १७ भन्दा बढि बस्ती, ३०२ घरधुरी र करिव १५१० जनसंख्या, गाउँपालिका भवन, इलाका प्रहरी कार्यालय । जमिन अन्दाजी ५०० रोपनी, एउटा विद्यालय, वडा नं. ५ को ओखरकोट स्वास्थ्य चौकी, गाउँपालिका भरीको खानेपानी प्रणाली, प्राय सबै सिंचाई कुलोहरु र ढाँडा, बादीकोट मोटर बाटो बाढीको जोखिममा रहेका छन् । **चट्याङ**का कारण जोखिममा रहेको १९ वटा जति गाउँबस्ती, विद्यालय भवन २ वटा रहेका छन् । गाउँपालिकाका सबै क्षेत्रहरु **हावाहुरी** र बंदेल, बाँदर, खरायो, मृग आदि जस्ता **जङ्गली जनावर** र **असिनाको** जोखिममा रहेको देखिन्छ । गाउँपालिकाको वडा नं. ५ को मच्छी बजार तथा ढाँडा बजार **सडक दुर्घटनाको** जोखिममा रहेको छ भने वडा नं.४ को कमदले र बौंडा, वडा नं. ८ को दिहाल्नका अन्दाजी ६० घरधुरी र करिव ३०० जनसंख्या, एउटा विद्यालय र करिव ३०० रोपनी जमिनको खेतीपाती **हिमपातको जोखिममा** रहेको देखिन्छ ।

### जलवायु परिवर्तनको प्रभाव र जोखिम

यस गाउँपालिका भित्र जलवायु परिवर्तनको असर पनि देखिन थालेको छ जसको कारण तापक्रममा अनपेक्षित घटबढ हुनु (जाडो र गर्मी), पानी पर्ने समय परिवर्तन हुनु, खण्डवृष्टि, अनावृष्टि र अतिवृष्टि हुनु, खेतीवाली लगाउने र थन्क्याउने समयमा परिवर्तन आउँदै जानु, रुख विरुवाको पात झर्ने, फूल, फल लाग्ने समयमा परिवर्तन देखिनुले बिस्तारै गाउँपालिकाको पारिस्थितिक प्रणालीमा प्रभाव परेको देखिन्छ । जलवायु परिवर्तनले विभिन्न विषयक्षेत्रमा पारेको प्रभावहरु देहायमा साराशंमा उल्लेख गरिएको छ:

**कृषिमा तथा खाद्य सुरक्षाः** रोग र कीराको संक्रमण बढ्नु । विभिन्न प्रकोपको डरले बाली समय भन्दा अगावै भित्र्याउने जसले गर्दा भण्डारणमा समस्या ।

**वन, जैविक विविधता तथा जलाधारमाः** रुखहरु सुक्नु, फल्ने र फललाग्ने समयमा परिवर्तन, जंगली जनावर र चराचुरुगींहरु लोप हुदै जानु । पानीका मुहानमा प्रभाव पर्नु । उपयोगमा नआउने खालका झारपात तथा वनस्पतीहरु देखापर्नु जसका कारण परापूर्वकाल देखि देखिआएका उपयोगी घाँस तथा वनस्पतीहरु लोप हुदै जाने जोखिम बढेको ।

**जल तथा उर्जाः** पानीको सतह घट्नुले उर्जा उत्पादन घट्नु, पुराना पानी मिल र घट्ट विस्थापित हुनु ।

**स्वास्थ्य, खानेपानी र सरसफाईः** विभिन्न किसिमका महामारी फैलिएर जटिल बन्दै जानु, स्वस्थ्य खानेपानीको अभाव, वातावरणमा प्रदुषणका कारण सरुवा रोग तथा आँखा, नाक, घाँटी र कानको रोगको समस्या ।

**स्थानीय ग्रामिण तथा शहरी बस्तीः** खाद्यवस्तुको अभाव, स्वस्थ खानेपानीको अभाव, वातावरणीय प्रदुषण तथा घनाबस्ती विस्तारको कारण महामारीको भय ।

**प्रकोप तथा विपद्का घटनाः** अनिश्चित बर्षाका कारण बेमौसममा पनि विभिन्न स्थानमा बाढी पहिरोको भय हुनु । खडेरी हावाहुरीले गर्दा खेतीपाती लगाउने र थन्क्याउने समयमा परिवर्तन आउनु, उत्पादनमा ह्रास आउँदै जानु, विभिन्न खाले हानिकारक रोगकीराहरु देखिनु, महामारीजन्य रोगहरु फैलनुले जनजीवनमा नराम्रो असर पारिरहेको छ ।

**उद्योग, यातायात तथा भौतिक पूर्वाधारः** कच्चा पदार्थको उत्पादनमा कमी, जस्ले गर्दा उद्योग कलकारखानाले उत्पादन दिन नसकी बन्दको अवस्थामा हुनु, भौतिक पूर्वाधारकालागी चाहिने अत्यावश्यक सामानको आपूर्ति हुन नसक्नु ।

**पर्यटन एवं प्राकृतिक र सांस्कृतिक सम्पदाः** उच्चतापक्रमले गर्दा हिमशिखरहरु पग्लदै गई सौन्दर्यतामा ह्रास आउनु । जसको कारण पर्यटकहरुको आगमनमा कमी, अर्थचक्रमा असर परिरहेको देखिन्छ ।
जलवायु परिवर्तन र विश्व उष्णिकरणको कारण कतिपय प्रकोपहरुको प्रकृति र आवृत्तिमा फरक आउन थालेको र नयाँ खालका प्रकोपहरु देखापर्नुले समुदायमा विपद् जोखिम बढ्दै जान थालेको देखिन्छ ।

## २.६ पूर्वसूचना प्रणालीको अवस्था

यस गाउँपालिकामा पहिरो, डढेंलो, बाढी आदि प्रकोपहरुको लागि हालसम्म कुनै प्रकारको पनि पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन । जिल्ला आपातकालीन कार्यसञ्चालन केन्द्रको भरमा आजसम्म प्रदेश तथा राष्ट्रिय आपातकालीन कार्य सञ्चालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदनप्रदान गर्ने गरिएको छ ।

### स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणालीः

झिमरुक गाउँपालिकाको मौसम अनुरुप सम्भावित प्रकोपका घटना हुन सक्ने आँकलन गर्दै स्थानीय विपद् व्यवस्थापन समितिको संयोजकत्वमा बैठक बसी छलफल गर्ने, कार्ययोजना निर्माण तथा बिषयगत क्षेत्रहरुको पूर्वतयारी क्षमता अभिवृद्धिका लागि साझेदार गैह्रसरकारी संस्थासँगको सहकार्यमा विभिन्न गतिविधि सञ्चालन हुनु आवश्यक देखिएको छ । साथै सबै वडाहरुको वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् जोखिम न्यूनीकरणका लागि नियमित काम गर्न आवश्यक देखिएको छ । प्रकोपका कारण उत्पन्न संकटासन्नता अवस्थाको क्षति आँकलन गर्नका लागि छुट्टै संरचना नभएकोले गाउँपालिकामा रहेको मानव स्रोत साधनलाई उपयोग गर्नुपर्ने अवस्था छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरु हाल हुन नसकेको, खासगरी पूर्वतयारीका गतिविधिहरु सञ्चालन हुन नसकेकोले आगामी दिनमा सूचना व्यवस्थापनलाई अझ चुस्त दुरुस्त राख्न गाउँपालिकामा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरुमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र निर्माण गरि कार्यसञ्चालन गर्नु अपरिहार्य देखिएको छ । साथै तत्काल विपद्का घटनाको सूचना संकलनमा प्रहरी, वडाका संरचनाहरु, नेपाल रेडक्रस सोसाइटीका शाखा/उपशाखाहरु र यथार्थ आधिकारिक सूचना अद्यावधिकका लागि गाउँ कार्यपालिकाका साथै स्थानीय अन्य सरोकारवालाहरुलाई जोड्नु नितान्त आवश्यक देखिन्छ । स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरी विपद् व्यवस्थापनको कार्यलाई अझ व्यवस्थित, सक्रिय र थप क्षमतावान

बनाउनु पर्ने आवश्यकता देखिएको छ । हाल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको सन्दर्भमा झिमरुक गाउँपालिकाले आपातकालीन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन आठ वटा विभिन्न विषयगत क्षेत्रहरुको निर्माण गरको छ ती विषयगत क्षेत्रहरुको क्षमता विकास गरी आउने दिनमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गतिविधिहरुलाई सहज रुपले सञ्चालन गर्ने अपेक्षा गरिएको छ साथै गाउँपालिकामा रहेका विपद् विषयगत क्षेत्रहरुको विवरण निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

## २.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

### क. झिमरुक गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६

झिमरुक गाउँपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनका सबै क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण उत्पन्न विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुनसक्ने हानी नोक्सानीबाट संरक्षण गर्नका लागि विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी **झिमरुक गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६** जारी गरेको छ । जस अर्न्तगत तहगत संरचनाहरुको प्रबन्ध गरी विपद् पूर्व, विपद्को समयमा एवं विपद् पछिको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भूमिका एवं जिम्मेबारी समेत निर्धारण गरेको छ । ऐनको आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिका वर्तमान पदाधिकारीहरुको विवरण **अनुसूची -८** मा संलग्न छ । स्थानीय विपद् व्यवस्थापन समिति अर्न्तगत ८ वटा विषय हेर्ने संस्था तथा अगुवा तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेबारी प्रदान गरिएको छ । विषयक्षेत्रको अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरुको विवरण **अनुसूची -९** मा संलग्न गरिएको छ ।

यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ साथै गाउँपालिका स्तरमा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । सो कोषमा आर्थिक वर्ष ०७७/७८ मा गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु.८२ लाख २४ हजार ६ सय ५५ रुपैया जम्मा भएकोमा कोभिड -१९ महामारी व्यवस्थापन गरी आर्थिक वर्ष ०७७/७८ मा बाँकी रहेको रु.१६ लाख १० हजार १ सय ६९ रुपैया रकम मौज्दात छ भने चालु आर्थिक वर्ष ०७८/७९ मा गाउँपालिकाले रकम रु.८५ लाख विपद् व्यवस्थापनका लागि छुट्याएको छ ।

### ख. विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०७४ (पहिलो संशोधन) २०७७

यस कार्यविधिमा प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २** ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ । यस कार्यविधिले कोषको स्थापना, श्रोत, परिचालन र प्रयोगको विधिको स्पष्ट व्यवस्था गरिएको छ । कार्यविधिको दफा ८ को उपदफा (क) मा विपद्को घटनामा परि कुनै व्यक्तिको मृत्यु भएमा प्रति मृतक रु.३५,०००/- का दरले मृतकका परिबारेलाई राहत सहयोग उपलब्ध गराउने । (ख) विपद्का कारण घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन समेत नोक्सानी भई तत्काल गुजाराका लागि आवश्यक व्यवस्था गर्नका लागि रु.२०,०००/- आंशिक घर क्षति भई तत्काल मर्मतका लागि रु.१०,०००/- गोठ नष्ट भएमा रु.६,०००/- उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

### ग. झिमरुक गाउँपालिकाको कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७

प्राकृतिक विपद्का कारण आकस्मिक रुपमा कृषि क्षेत्रमा हुने क्षतिलाई न्यूनीकरण गर्दै कृषकहरुमा कृषि प्रति रुची बढाई कृषि पेशालाई प्रभावकारी तथा कृषकहरुलाई व्यावसायिक रुपमा अगाडि बढाउन वाञ्छनिय भएकोले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा २** वमोजिम झिमरुक गाउँपालिकाको कार्यपालिकाले **कृषि विपद् कोष सञ्चालन कार्यविधि, २०७७** तर्जुमा गरी लागू गरेको छ ।

## २.८ विषयक्षेत्र तथा कार्यजिम्मेवारी

यस गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमको कार्य जिम्मेवारी प्रदान गरेको छः

**२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र**

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सारोकारवालाहरु विषेश गरी नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, सञ्चार माध्यम, स्थानीय विपद् व्यवस्थापन समितिहरु, विभिन्न संघ संस्था आदि निकायहरुसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउने पूर्वसूचना प्राप्त भएपछि उपलब्ध स्थानीय सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने, विपद्का कारण समस्यामा परिरहेका वा घाइतेहरुलाई उद्धार गर्ने, हराएकाहरुको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रबन्ध मिलाउने, पिडितहरुलाई राहत वितरण गर्ने जस्ता जिम्मेबारी पर्दछ ।

**२.८.२ खाद्य तथा कृषि क्षेत्र**

यस विषयक्षेत्रले विपद्को अवस्थामा पिडितहरुलाई तत्कालै तयारी खानेकुरा उपलब्ध गराउने प्रबन्ध गर्नेछ भने विस्थापित भई शिविरमा बसेका मानिसहरुलाई आवश्यक पर्ने आधारभूत नियमित खानेकुराहरु चामल, दाल, नुन, तेल, तरकारी आदि खाद्य सामग्रीहरु उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रबन्ध गर्ने गर्दछ । त्यस्तै कृषि तथा पशुपालन क्षेत्रमा भएको हानी नोक्सानी, क्षति विवरण तयार गर्ने जिम्मेबारी निर्वाह गर्दछ ।

**२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र**

यस विषयक्षेत्रले विपद्को समयमा घाइते भएकाहरुलाई प्राथमिक उपचार गर्ने, शिविरमा उपचार गर्न वा हुन नसक्ने प्रकृतिका बिरामी तथा घाइतेहरुलाई थप उपचारका लागि अस्पताल सम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चतता गर्ने । विपद्को समयमा महामारी हुने सम्भावना उच्च भएकाले महामारी हुन वा फैलनबाट बचाउने विधिहरु अवलम्बन गर्ने । विपद्बाट पिडित विषेश गरी महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पिडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेबारी निर्वाह गर्नेछ । साथै यस विषय क्षेत्रले कोभिड -१९ लगायत महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ ।

**२.८.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रर्वधन क्षेत्र**

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, खानेपानीका मुहान तथा श्रोतहरुको सरसफाई र निरीक्षण गर्ने, विपद्का कारण ढलेका रुख विरुवाहरु हटाउने, विपद्जन्य घटनाबाट श्रृजना भएका फोहरहरु सफा गर्ने, मरेका पशुपंक्षीहरुको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईका लागि स्वच्छता प्रर्बधन गर्ने जस्ता सामानहरु जस्तैः हाइजिन किट, पियुष, क्लोरिन, डस्टविन, साबुन, मास्क आदि उपलब्ध गराउने जिम्मेबारी निर्वाह गर्नेछ ।

**२.८.५ आपतकालिन आश्रय तथा गैर-खाद्य सामाग्री क्षेत्र**

यस विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगि बस्न नसक्ने अवस्थाका पिडितहरुलाई आपातकालीन आश्रय वा बासको लागि सुरक्षित स्थानहरुको खोजी गर्ने, अस्थायी संरचनाहरु निर्माण गर्ने, पिडितहरुलाई त्रिपाल, आवश्यक पर्ने भाँडाकुडाँ, लत्ताकपडा जस्ता गैर-खाद्य सामाग्रीहरु वितरण गर्ने जिम्मेबारी निर्वाह गर्नेछ ।

**२.८.६ संरक्षण तथा सुरक्षा क्षेत्र**

विपद्को समयमा समुदायमा आतंकित र कोलाहलको अवस्था हुने, लुटपाट तथा चोरीका घटनाहरु हुने सम्भावना बढि हुने गर्दछ । यस्तो अवस्थामा महिला, गर्भवती महिला, सुत्केरी महिला, शिशु, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण गर्ने, उनीहरुको आवश्यकता बमोजिमका सरसमानहरु जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने घरपरिबारेका सदस्यहरु गुमाएकाहरु तथा विपद्का कारण त्रसित व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेबारी निर्वाह गर्नेछ ।

**२.८.७ आपतकालिन शिक्षा क्षेत्र**

यस विषयक्षेत्रले विपद्को कारण विद्यालयमा पठनपाठनको क्रियाकलाप तीन दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरुलाई आपातकालीन शिक्षाको व्यवस्था गर्ने (जस्तोः अस्थायी सिकाइ केन्द्रको स्थापना) र विद्यालयको शिक्षण सामाग्री नष्ट भएमा पुनः व्यवस्था गरी पठनपाठन सुचारु गर्ने जिम्मेबारी निर्वाह गर्नेछ ।

**२.८.८ शिघ्र पुर्नलाभ क्षेत्र**

यस विषयक्षेत्रले विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरु (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन, आधारभूत स्वास्थ्य सेवा आदि) तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यलयहरुमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक, आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेबारी निर्वाह गर्नेछ ।

माथि उल्लेखित विषयक्षेत्र अर्न्तगत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरुको विवरण **अनुसूची - १०** मा संलग्न गरिएको छ ।

# परिच्छेद तीन
## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरु समयमै कार्यन्वयन गर्न सस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद्का घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नु आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो । विपद् प्रतिकार्यका कार्यहरुलाई प्रभावकारी बनाउन विषय क्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छः

- स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति तथा बस्ती स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा सुदृढीकरण गर्ने ।
- समन्वय बैठकको आयोजना गर्ने (सबै क्षेत्रको सहभागितामा पूर्वतयारी सम्बन्धी छलफल गर्ने) ।
- सम्भावित विपद् समीक्षा बैठकको आयोजना गर्ने ।
- विपद्बाट भएको क्षतीको विवरण सङ्कलन गर्नको लागि एकिकृत टिम गठन गर्ने ।
- विवरण सङ्कलनका लागि फारम तथा निर्देशिका तयार गर्ने (गृह मन्त्रालय, रेडक्रस तथा स्वास्थ्य मन्त्रालयको फरक फरक फारमहरुलाई संश्लेषण गरी सरल फारम विकास गर्ने )।
- एकिकृत टिमलाई बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा सम्बन्धी अनुशिक्षण दिने ।
- वडास्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई तालिम दिने ।
- जानकारीहरु संकलन गर्ने र प्राप्त जानकारी/तथ्याङ्कलाई निरन्तर अध्यावधिक गर्ने ।
- विपद् सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पोष्टर, पम्प्लेट आदि तयार गरी वितरण गर्ने । साथै, स्थानीय एफ एम र पत्र पत्रिकाबाट प्रकोप सम्बन्धी जनचेतना जगाउने ।
- विपद्बाट विस्थापितहरुलाई परिचय पत्र वितरण गर्न परिचय पत्रको छपाई गर्न समन्वय गर्ने ।
- पूर्व सूचना (Early Warning System) प्रणालिका लागि जोखिमयुक्त वडाहरुमा माईक, साइरन आदिको व्यवस्थापन गर्न गाउँपालिका तथा सहयोगी संस्थाहरुसँग समन्वय गरी मिलाउने ।
- गाउँपालिका क्षेत्रका मा.वि स्तरका विद्यालयहरुका शिक्षक र विद्यार्थीहरुलाई विपद् पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- खोज तथा उद्धारको समयमा सूचना सञ्जालको व्यवस्था गर्ने ।
- अपराध नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम र अनुसन्धानकर्ताको तयारी -नेपाल प्रहरी ।

#### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्का घटना घट्नु पूर्व प्रायः सबै प्रकोप विषेशगरी स्थानीय स्तरमा घट्ने प्रकोपहरुका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धारको क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष असोज सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| २ | जिल्ला, गाउँपालिका, वडा तथा समुदाय स्तरका सम्पर्क व्यक्तिको नाम, ठेगाना, भूमिका र जिम्मेबारी अध्यावधिक गर्ने । | प्रत्येक वर्ष | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद्ले गरेको क्षति मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन गर्ने, पुर्नगठन गर्ने, आवश्यकता अनुसार सहायक टोलीहरु गठन गर्ने र तालिम आयोजना गर्ने । | प्रत्येक वर्ष मनसुन शुरु हुनु अगावै | गाउँपालिका र हरेक वडामा | गाउँपालिका एक र हरेक वडामा एक/एकवटा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडास्तरीय विपद् व्यवस्थापन समिति, कृषि विकास शाखा |
| ४ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारम तयार गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | गाउँपालिका | ....... प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य शाखा |
| ५ | राहत वितरणका लागि सिफारिस फारम लगायतका आवश्यक कागजात तयारी तथा अद्यावधिक गर्ने । | प्रत्येक वर्ष मंसिर सम्म | गाउँपालिका | ....... प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ६ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने । | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यलय विषयक्षेत्र, नेपाली सेना, नेपाल प्रहरी |
| ७ | गठित खोज तथा उद्धारका टोलीलाई तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने । | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय र विषय क्षेत्र |
| ८ | खोज तथा उद्धार समाग्रीहरु खरिद, भण्डारण, मर्मत र अद्यावधिक, सूचीकरण र व्यवस्थापन गर्ने | निरन्तर | वडा तहमा | हरेक वडामा कम्तीमा एक सेट | गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ९ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सबारी साधन र एम्वुलेन्सहरुको सूची र सर्म्पक व्यक्तिको विवरण तयार गर्ने । | निरन्तर | गाउँपालिका | ..... वटा एम्वुलेन्स र सबारी साधन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| १० | बाढी, पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अद्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ११ | आपातकालीन अवस्थामा प्रयोग गर्ने ठाउँहरुको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने । | तत्काल शुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १२ | आपातकालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरु निर्माण बिस्तार गर्ने | तत्काल शुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | प्रकोपका कारण हुने क्षतिबाट समुदायलाई बचाउन आपातकालीन आश्रय भवनहरु बनाउने । | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | …… वटा | गाउँपालिका, पूर्वाधार विकास शाखा र सम्बन्धित वडा कार्यालय |
| १४ | बाढी, पहिरो, भूकम्प, आगोलागी, चट्याङ, हावाहुरी, असिना आदि प्रकोपहरुबाट समुदायमा पर्नसक्ने असर र सो बाट बच्ने उपायका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | गाउँपालिकामा सञ्चालित एफ.एम. पत्रपत्रिका, माइकिङ आदि सञ्चारका माध्यम | प्रकोपको सम्भावित समय अगावै कम्तीमा दुई पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा र वडा कार्यालय |
| १५ | मानिसको ज्यान लिन सक्ने खालका जङ्गली जनावरहरु बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने । | निरन्तर | वडा स्तर सम्भव भएसम्म बस्ती स्तर सम्म | हरेक वडामा एक | **डिभिजन वन कार्यालय**, वातावरण तथा विपद् व्यवस्थापन शाखा र वडा कार्यालय, स्थानीय समुदाय र विषयक्षेत्र |
| १६ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपका लागि बर्षमा कम्तीमा एक पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय |
| १७ | कर्मचारी तथा स्वयंमसेवकहरुको सूची तयार गर्ने आपतकालीन समयमा परिचालन गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका र वडा स्तरमा | प्रत्येक वर्ष | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १८ | **लाश व्यवस्थापन सम्बन्धी कार्यका लागि दक्ष जनशक्ति उत्पादन** | आ.व.२०७९/८० भित्रमा | गाउँपालिका र वडा स्तरमा | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा र सुरक्षा निकाय |
| १९ | विपद सूचना केन्द्र स्थापना गर्ने | तत्कालै | गाउँपालिका स्तरमा | गाउँपालिकामा १ | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा, जिल्ला विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय |
| २० | गाउँपालिकाको सूचना केन्द्रलाई विपद सूचना केन्द्रको रुपमा प्रयोग गर्न आवश्यक पर्ने भौतिक सामाग्रीको व्यवस्थापन गर्न समन्वय गर्ने । | आ.व. २०७९/८० भित्र | गाउँपालिका स्तरमा | गाउँपालिकामा एउटा | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा, जिल्ला विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | संचार माध्यमहरुवाट आधिकारीक सुचना दिने फोकल व्यक्ति तोक्ने र सम्पर्क नं. हरुको सूची अग्रिम तयार गर्ने । | तत्कालै | गाउँपालिका र वडा स्तरमा | प्रत्येक वडामा १/१ जना | गाउँपालिका, वडा कार्यालय, वातावरण तथा विपद् व्यवस्थापन शाखा, |

### ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्का घटना अगाडी प्रायः सबैजसो प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि खाद्य उद्योगहरु र खाद्य आपूर्तिकर्ताहरु पहिचान गरी सूचीकृत गरीराख्ने । सहयोग लिन सकिने कार्यालय, संस्थाहरुसँग समन्वय गर्ने । | निरन्तर | गाउँपालिका | आवश्यकता अनुसार वर्षको एक वा दुई पटक | कृषि शाखा, उद्योग वाणिज्य संघ, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गरिराख्ने र अद्यावधिक गर्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षको दुई पटक | कृषि शाखा, विषयक्षेत्र |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरु पहिचान गर्ने र अनुबन्ध करार गर्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | कम्तीमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय, उद्योग वाणिज्य संघ |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौर तरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरु बीच छलफल तथा कृतिम घटना अभ्यास गर्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | वडा स्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तीमा १ पटक | कृषि शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, रेडक्रस, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्का घटना अगाडी प्रायः सबैजसो प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखापर्ने स्वास्थ्य समस्या समाधानका लागि आवश्यक औषधीहरु भण्डारण गर्ने | हरेक महिना औषधीको प्रकृति अनुसार | गाउँपालिका स्तर | ..... जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team- RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने । | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँपालिका स्तर | वर्षको १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार र अद्यावधिक गर्ने । | तत्कालै | गाउँपालिका स्तर | जनसंख्या अनुसार अहेव ... डा. .... | स्वास्थ्य शाखा |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने । | नियमित | गाउँपालिका स्तर | हरेक वडामा १ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड -१९ जस्ता महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | नियमित | जोखिमयुक्त बस्तीहरुमा | वर्षमा कम्तीमा ३ पटक | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |

### ३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद्का घटना अगावै सबैखाले प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन विषय क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तयार गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरण गर्नको लागि आवश्यक पर्ने क्लोरिन, पियुष जस्ता औषधीको उचित भण्डारण गर्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु उपयुक्त ठाउँमा भण्डारण गरिराख्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षमा कम्तीमा १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरु तन्दुरुस्त चालु अवस्थामा राख्ने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | वर्षमा कम्तीमा ३ पटक | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ४ | आपातकालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीका श्रोतहरु पहिचान गरिराख्ने । आवश्यकता अनुसार मर्मत सम्भार र संरक्षण गर्ने । | निरन्तर | वडा, समुदाय स्तर | गाउँपालिकाका प्रत्येक वडाहरु | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |
| ५ | खानेपानी, दमकल, आपातकालीन परिस्थितिमा आवश्यक पर्ने सम्पर्क व्यक्तिहरुको सूची, फोन र सम्पर्क ठेगाना तयार गर्ने | तत्कालै | वडा र समुदाय स्तरमा | गाउँपालिकाका प्रत्येक वडाहरु | वडा कार्यलय तथा स्थानीय समुदाय, विषय क्षेत्र |
| ६ | शौचालय व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीको मौज्दात राख्ने (चर्पी १० जनाको लागि १ वटा जम्मा ५० वटा) | २०७९ माघ सम्म | वडा र समुदाय स्तरमा | गाउँपालिकाका प्रत्येक वडाहरु | खानेपानी तथा सरसफाई शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | कर्मचारी तथा स्वयंमसेवकहरुको सूची तयार गर्ने आपतकालीन समयमा परिचालन गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका र वडास्तरमा | प्रत्येक वर्ष | वातावरण तथा विपद् व्यवस्थापन शाखा |

**३.१.५ आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र**

विपद्का घटना अगावै प्राय: सबैखाले प्रकोपका लागि गर्नुपर्ने आपातकालीन आश्रयस्थल तथा गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरुको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामन तथा औजारहरुको व्यवस्था गर्ने | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | सबै वडामा | समुदाय वा वडाको जनसंख्याको आधारमा कम्तीमा २० प्रतिशतका दरले | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यालय |
| २ | विपद्को अवस्था आइपरेमा आश्रयस्थल निर्माण गर्न चाहिने आवश्यक सामग्री र गैर-खाद्य सामग्रीहरु तत्काल उपलब्ध गराउने गरी सप्लायर तथा व्यापारीहरुसँग खरिद गर्न सक्ने गरी अनुबन्ध गर्ने र सम्बन्धित निकाय तथा संस्थाहरुसँग समन्वयमा रहने । | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | गाउँपालिका स्तर | जनसंख्याको आधारमा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, गाउँपालिका र सम्बन्धित वडा कार्यालय |
| ३ | अस्थायी आश्रय स्थल बनाउन मिल्ने सुबिधायुक्त खुल्ला स्थानको पहिचान, व्यवस्थापन र संरक्षण गर्ने । | ततकालै | गाउँपालिका, वडा र समुदाय स्तर | वडाको जनसंख्याको आधारमा कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यलय, पूर्वाधार विकास शाखा र विषयक्षेत्र |
| ४ | गैर-खाद्य सामग्री सेटहरु आपतकालीन झोला, टेण्ट, त्रिपाल जस्ता वस्तुहरु तयारी अवस्थामा भण्डारण गरिराख्ने । | निरन्तर | गाउँपालिका, वडास्तर भण्डारण गृहहरु | वडाको जनसंख्याको आधारमा कम्तीमा २० प्रतिशत जनसंख्यालाई पुग्ने | विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गाउँपालिका र सम्बन्धित वडा कार्यालय |
| ५ | सबारी साधनहरुको सूचीकरण र व्यवस्था गरिराख्ने । | तत्कालै | गाउँपालिका, वडास्तर | आवश्यकताका आधारमा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | अस्थायी आश्रय तथा बास निर्माणका लागि टोली गठन गर्ने र बेलाबेलामा कृतिम घटना अभ्यास गर्ने । | निरन्तर | गाउँपालिका स्तर | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, वडा कार्यलय |

### ३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्र

विपद्का घटना अगावै प्रायः सबैखाले प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सुरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणको तरिकाहरु बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशित गर्ने । | नियमित रुपमा | गाउँपालिका स्तर | ५०० प्रति | गाउँपालिका, महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामाग्रीहरु (जस्तैः डिग्निटी किटः स्यानिटरी प्याड, सावुन, टुथपेष्ट, टुथब्रस, डिटरजेन्ट पाउडर, आदि) खरिद गरी भण्डारण गर्ने । | निरन्तर | गाउँपालिका स्तरका गोदाम घर | यस्तो जनसंख्याकाको २० प्रतिशत | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | उमेर र शारीरिक अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने । | तत्काल | गाउँपालिका स्तर | १ पटक | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र र नेपाल रेडक्रस सोसाइटी |
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोपरामर्श सम्बन्धी तालिम दिने । | प्रत्येक वर्ष १ पटक | गाउँपालिका स्तर | हरेक विद्यालय बाट १ जना शिक्षक र प्रत्येक वडाबाट महिला स्वास्थ्य स्वयम् सेविका २ जनाका दरले | शिक्षा र स्वास्थ्य शाखा, विषयक्षेत्र र नेपाल रेडक्रस सोसाइटी |
| ५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरुलाई कृत्रिम घटना अभ्यास गराउने | नियमित | वडास्तरमा | प्रकोपको घटना घट्ने सम्भावित समय अगावै | वडा विपद् व्यवस्थापन समिति र अन्य सरोकारवालाहरु |

### ३.१.७ आपतकालीन शिक्षा क्षेत्र

विपद्का घटना अगावै प्रायः सबैखाले प्रकोपका लागि गर्नुपर्ने आपातकालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | भूकम्प, पहिरो, बाढी, आगोलागी, हावाहुरीले प्रभावित गर्नसक्ने विद्यालयहरुको सूची अद्यावधिक र सम्भावित क्षतिको आँकलन गर्ने | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | विद्यालय तथा विद्यालयसँग सम्वन्धित सरोकारवालाहरुको संकटासन्नता स्तर नक्साकंन गरी उच्च जोखिममा रहेका | वर्षको १ पटक | गाउँपालिका स्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, विद्यालय, वडा कार्यालय, पूर्वाधार विकास |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालयहरुलाई सूचीकृत गरी पूर्वतयारी सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | | | | शाखा |
| ३ | आपातकालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामाग्रीहरु तयारी अवस्थामा राख्ने | नियमित | गाउँपालिका स्तर | ....... विद्यालयका लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ४ | विपद्का घटनाबाट विद्यार्थीमा पर्नसक्ने प्रभावका बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | निरन्तर | विद्यालय स्तरमा | ....... विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ५ | विपद् व्यवस्थापन सम्बन्धी शिक्षा पाठ्यक्रममा समावेश गरी अनिवार्य लागू गर्ने । | आ.व. २०७९/८० भित्र | गाउँपालिका | गाउँपालिका भित्रका सबै विद्यालय | शिक्षा शाखा, विद्यालय, प्रदेश सरकार,विषयक्षेत्र |
| ६ | सम्भावित विपद्का घटनाहरुबाट सुरक्षित हुने उपायहरु बारे विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चान गर्ने । एफ.एम. रेडियोबाट प्रकोप केन्द्रित सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने । | निरन्तर | गाउँपालिका र विद्यालय स्तरमा | ... विद्यालय एफएम कम्तीमा १५ दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ७ | विद्यालयको भवन निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाउन यस सम्बन्धी मापदण्डलाई कडाईका साथ लागु गर्ने । | आ.व. ०७९/८० भित्र | गाउँपालिका र विद्यालय स्तरमा | गाउँपालिका भित्रका सबै विद्यालय | गाउँपालिका र शिक्षा शाखा, पूर्वाधार विकास शाखा |
| ८ | अन्य गैर सरकारी तथा सरकारी निकायले प्रकाशन गर्ने विपद् सम्बन्धी चेतनामूलक प्रकाशनहरु तथा चेतनामूलक कार्यक्रमहरुलाई प्रसार गर्न सहयोग गर्ने । | तत्कालै | गाउँपालिका, वडा र विद्यालय स्तरमा | गाउँपालिका भित्रका सबै विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

### ३.१.८ शिघ्र पुर्नलाभ क्षेत्र

विपद्का घटना अगावै प्रायः सबैखाले प्रकोपका लागि गर्नुपर्ने शिघ्र पुर्नलाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | सामान्य पूर्वतयारीका क्रियाकलापहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपातकालीन प्रयोजनका लागि खानेपानी ट्याङ्की, पानी ओसार्ने पानीका भाडाँहरु, खानेपानीको पाइप र शौचालय व्यवस्था गर्ने । | आ.ब. २०७९/८० भित्रमा र निरन्तर | वडा स्तरमा | वडाको जनसंख्या र टोल बस्तीको आधारमा | वडा कार्यलय, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद्का घटनाबाट अवरुद्ध हुनसक्ने अत्यावश्यक सेवाहरु (खानेपानी, टेलिफोन, विद्युत्, आदि) सुचारु गर्ने टोली गठन गरी तयारी अवस्थामा राख्ने । | सम्भावित प्रकोपको घटना घट्ने समय अगावै | गाउँपालिका र वडा स्तर | गाउँपालिकामा १ र वडागत १/१ | वडा कार्यलय, पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक, सामाजिक क्षेत्रमा पर्ने क्षति तथा प्रभावको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने । | आ.ब. २०७९/८० भित्रमा र निरन्तर | गाउँपालिका र वडा स्तर | वर्षमा कम्तीमा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, पर्यटन, उद्योग, व्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तयार गरी कार्यान्वयन गर्ने । | आ.ब. २०७९/८० भित्रमा र निरन्तर | गाउँपालिका | प्रभावित समुदाय | वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका क्रियाकलापहरु निर्धारण गर्नुपर्दछ । यसमा सामान्य शर्तक रहने देखि जोखिमयुक्त ठाउँबाट मानिस, घरपालुवा पशु चौपाया, खाद्यान्न, लत्ताकपडा, कागजपत्र लगायत अन्य धनमाल सुरक्षित स्थानमा स्थान्तरण गर्ने सम्मका क्रियाकलापहरु पर्दछन् । यो खालको योजना प्रकोपको प्रकृति, समय र सम्भावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ । स्थानीय प्रकोप पात्रोको आधारमा प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान (संकेत) प्राप्त भएपछि गरिने क्रियाकलापहरुको योजना देहाय बमोजिम तर्जुमा गरिएको छः

### ३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

गाउँपालिकाको प्रकोप पात्रोको आधारमा प्रकोपको पूर्वानुमान (संकेत) प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रले गर्नुपर्ने पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत) प्रदेश र जिल्ला आपातकालीन कार्यसञ्चालन केन्द्रबाट आदान प्रदान गर्ने । | माघ देखि असोज सम्म | गाउँपालिका स्तरमा | दिनमा कम्तीमा १ पटक | स्थानीय आपातकालीन कार्यसञ्चालन केन्द्र, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| २ | बाढी, पहिरो, हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुनासाथ गाउँवासी समुदायलाई सर्तकता अपनाउन सूचना प्रवाह गर्ने । | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका केन्द्रबाट समुदायसम्म पहँच हुने गरी | पूवानुमानको खबर प्राप्त भए पश्चात दिनमा कम्तीमा ३ पटक | वडा कार्यलय, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरुलाई तयारी अवस्थामा रहन सूचना जारी गर्ने | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका स्तर | सूचना प्राप्त भए पश्चात कम्तीमा १ पटक र आवश्यकता अनुसार | स्थानीय आपातकालीन कार्यसञ्चालन केन्द्र, वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय विपद् व्यवस्थान समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | विपद् पछि तत्काल | गाउँपालिका स्तर | जोखिममा रहेका सबै समुदाय | स्थानीय आपातकालीन कार्यसञ्चालन केन्द्र, वडास्तरीय विपद् व्यवस्थापन समिति |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण संकलन टोलीलाई तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका स्तर | वडास्तरमा | स्थानीय आपातकालीन कार्यसञ्चालन केन्द्र, वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय |
| ६ | जोखिम क्षेत्रका वडा तथा गाउँहरुमा गठित वडा विपद् व्यवस्थापन समिति, संस्थाहरुका युवाहरुलाई आवश्यक प्रशिक्षण दिई आवश्यक साधन श्रोतका साथ तयारी अवस्थामा राख्ने । | २०७९ पौष सम्म | वडा स्तरमा | प्रत्येक वडाबाट कम्तीमा ५ जनाका दरले | वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय र नेपाल रेडक्रस सोसाइटी |
| ७ | उद्धार सामग्री लगायत दमकल तथा एम्वुलेन्सहरुको व्यवस्था गर्ने | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका स्तर | वडास्तरमा | वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय, सुरक्षा निकाय |

### ३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप पात्रोको आधारमा प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि क्षेत्रको समन्वयात्मक बैठक बस्ने । जिम्मेबारी बाँडफाँड गर्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | कृषि शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र नेपाल रेडक्रस सोसाइटी र विषय क्षेत्र |
| २ | विपद्को प्रकार तथा क्षेत्र वा ठाउँ अनुसार पोषण तथा खाद्यन्न मौज्दात राख्ने । तयारी तथा खाद्य सामग्रीको उपलब्धता सम्बन्धी सबै संस्थासँग भएको मौज्दात विवरण संकलन गर्ने | निरन्तर | गाउँपालिका र वडा स्तरमा | जनसंख्याको आधारमा कम्तीमा २० प्रतिशत | कृषि शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अन्य क्षेत्रसँग मिली बहु क्षेत्रगत प्रारम्भिक द्रुतगत लेखाजोखा सञ्चालनका लागि खाद्य क्षेत्रका सदस्यहरुलाई MIRA को तालिम प्रदान गर्न जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने | तत्कालै | गाउँपालिका स्तरमा | प्रत्येक वडाबाट कम्तीमा ३ जनाका दरले | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| ४ | खाद्य सामग्री भण्डारणको लागि स्थान तथा गोदामको छनौट साथै ढुवानीका लागि गाडीको व्यवस्थापन गर्ने | तत्कालै | गाउँपालिका स्तरमा | प्रत्येक वडामा १/१ वटा गोदाम तथा स्थान | कृषि शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| ५ | खाद्य सामग्री वितरणका लागि विभिन्न संघ संस्थासँग समन्वय गरी स्वयंसेवकहरुको छनौट गर्ने । | तत्कालै | गाउँपालिका र वडा स्तरमा | प्रत्येक वडाबाट कम्तीमा ३ जनाका दरल | कृषि शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| ६ | सम्भावित क्षतिको पूर्वानुमान गर्ने र हुन नदिन कार्यक्रम अगाडि बढाउने (Survillance ) | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | आवश्यकता अनुसार | कृषि शाखा, स्थानीय विपद् व्यवस्थापन समिति र विषयक्षेत्र |

### ३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको आधारित पूर्वानुमानमा पूर्वतयारी योजना

प्रकोप पात्रोको आधारमा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण क्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| २ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा उपकरण निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र सबारी साधन तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ४ | कोभिड- १९ लगायतका महामारीबाट सुरक्षित रहन र सर्तकता अपनाउने उपाय बारे स्थानीय टेलिभिजन, एफ.एम. रेडियो र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रसारण र जानकारी प्रवाह गर्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | वडा र समुदाय स्तरमा | प्रकोपको आधारमा निरन्तर गर्ने | गाउँपालिका, स्वास्थ्य शाखा, सूचना तथा प्रविधि शाखा र विषयक्षेत्र |

### ३.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

गाउँपालिकाको प्रकोप पात्रोको आधारमा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खानेपानी सरसफाई तथा स्वच्छता प्रर्वद्धन विषय क्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | सामाजिक विकास शाखा र विषयक्षेत्र |
| २ | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधी तथा प्रविधिको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका केन्द्रबाट समुदायसम्म पहँच हुने गरी | प्रकोप पात्रोको आधारमा सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ३ | सरसफाईका लागि परिचालन हुनुपर्ने जनशक्ति, सबारी साधन र उपकरणहरु तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.२.५ आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

गाउँपालिकाको प्रकोप पात्रोको आधारमा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपतकालीन आश्रय तथा गैर-खाद्य सामग्री विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| २ | आपातकालीन आश्रयस्थलको निरीक्षण गरी तयारी अवस्थामा राख्ने । | तत्कालै | वडा स्तरमा | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, वडा स्तरीय समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामाग्री तथा औजारहरु निरीक्षण | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, वडा स्तरीय समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय विपद् व्यवस्थान समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका स्तरमा | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, वडा स्तरीय समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण संकलन टोलीलाई तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका स्तर | वडास्तरमा | स्थानीय आपातकालीन कार्यसञ्चालन केन्द्र, वडा विपद् व्यवस्थापन समिति, वडा कार्यालय |

### ३.२.६ संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने संरक्षण तथा सुरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | संरक्षण क्षेत्रको समन्वय बैठकको आयोजना गरी कार्य जिम्मेबारी बाँडफाँड र सम्पर्क सूची तयार गर्ने | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका र वडा स्तरमा | सूचना प्राप्त भएपछि कम्तीमा १ पटक र आवश्यकता अनुसार थप | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाइटी |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका र वडा स्तरमा | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्य शाखा, शिक्षा शाखा र विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्ने डिग्निटी किट लगायतका सरसामानहरु तन्दुरुस्ति अवस्थामा राख्ने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपालिका र वडास्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ४ | आधारभूत तथ्याङ्क संकलन गर्नेः- जोखिम क्षेत्रका महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति, अनाथ, गर्भवती महिला, अशक्त, सुत्केरी, एकल महिला, एचआईभी /एड्स प्रभावित आदी र फरक क्षमता भएका व्यक्तिहरुको लगत अनुसार आवश्यक सर सामाग्रीहरुको व्यवस्थापन गर्ने । | आर्थिक वर्ष २०७९/८० भित्रमा | गाउँपलिका र वडा स्तरमा | वडागत | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ५ | सम्बन्धित सबै विषयक्षेत्र (Cluster) सँग समन्वय बैंठक बसी लैङ्गिकताका आधारलाई ध्यान दिई सहयोग गर्ने व्यवस्था गर्न निर्णय गर्ने | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपलिका र वडास्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | मानविय सहयोगमा महिलाहरुको लागि बस्ने, नुहाउने, चर्पी र लुगा धुने पर्याप्त ठाँउ र छुट्टा छुट्टै राख्ने व्यवस्थाका लागि आश्रय र WASH क्षेत्रसँग छलफल गरि व्यवस्था मिलाउने । | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपलिका र वडास्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ७ | बाल क्लब, आमा समुह, अन्य समुहलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण बारे जानकारी गराई अधिकार र महिला हिंसा विरुद्ध जागरुक बनाउने | पूर्वानुमानको जानकारी प्राप्त हुनासाथ | गाउँपलिका र वडास्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

### ३.२.७ आपतकालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १. | समन्वय बैठकको आयोजना गरी<br>क) जिम्मेवारी बाँडफाँड गर्ने र सम्पर्क व्यक्ति तोक्ने<br>ख) अन्य क्षेत्रसँग समन्वय गर्ने र विपद् पूर्वतयारी तथा कार्यको समीक्षा विषयलाई समावेश गर्ने | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २ | विद्यालयको अवस्था विवरणलाई व्यवस्थित गरी जोखिमयुक्त विद्यालयहरुको स्तर मापन गरी विवरण अध्यावधिक गर्ने र प्रभावित हुनसक्ने विद्यालयलाई शिक्षण सामाग्रीहरु सुरक्षित ठाउँमा राख्न लगाउने । | समन्वयात्मक बैठक पश्चात | गाउँपालिका र विद्यालय स्तरमा | सम्भावित प्रकोप अनुसार | सम्बन्धित विद्यालय, वडा कार्यालय,शिक्षा शाखा, पूर्वाधार विकास शाखा |
| ३ | विपद्को समयमा वा विपद्पछि लगत्तै पठनपाठनलाई निरन्तरता दिन वैकल्पिक वा अस्थायी (Temporary) विद्यालय स्थापना र सञ्चालनका लागि आवश्यक सामाग्री तथा श्रोत व्यक्तिहरुको पहिचान गर्ने ।<br>पाठ्यपुस्तक, सामाग्रीहरु ( शैक्षिक तथा खेलकुद सामाग्री, खाजा) व्यवस्थापन गर्ने | पूर्वानुमानको जानकारी पश्चात तत्काल | गाउँपालिका स्तरमा | सम्भावित प्रकोप अनुसार वडा पिच्छे | गाउँपालिका र शिक्षा शाखा, सम्बन्धित विद्यालय र विषयक्षेत्र |
| ४ | उच्च जोखिम क्षेत्रका विद्यालयहरुमा विपद्को समयमा सावधानी अपनाउन विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुलाई अभिमुखीकरण गर्ने । | निरन्तर | गाउँपालिका र वडा स्तरमा | विद्यालय पिच्छे | गाउँपालिका र शिक्षा शाखा, सम्बन्धित विद्यालय र विषयक्षेत्र |

### ३.२.८ शिघ्र पुर्नलाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शिघ्र पूर्नलाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | शिघ्र पुर्नलाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने । | पूर्वानुमानको खबर प्राप्त भए लगत्तै | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | अत्यावश्यक सेवा सुचारु गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरु निरीक्षण गरी तयारी अवस्थामा राख्ने | पूर्वानुमानको जानकारी प्राप्त भए लगत्तै | गाउँपालिका स्तरमा | सम्भावित प्रकोपको समयअनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा र विषयक्षेत्र |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने । | पूर्वानुमानको जानकारी प्राप्त भए लगत्तै | गाउँपालिका स्तरमा | सम्भावित प्रकोपको समयअनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

## ३.३ आपतकालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अर्न्तगत खोज तथा उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरु पर्दछन् । यसमा विपद्को समय र विपद् पश्चात तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, प्राथमिक उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरु समावेश गरिएका छन् । विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरु परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरु तर्जुमा गरिएको छः

**मानवीय सहयोग कार्यका आधारभूत साझा मापदण्डहरु**

**मूलभूत मापदण्डहरु**

१. जन-केन्द्रित मानवीय प्रतिकार्य
२. समन्वय तथा सहकार्य
३. लेखाजोखा
४. योजना तर्जुमा तथा प्रतिकार्य
५. कार्यसम्पादन, पारदर्शिता तथा सिकाई
६. सहयोगकर्मीको कार्यसम्पादन ।

**आधारभूत मानवीय मापदण्ड**

१. मानवीय प्रतिकार्य उपयुक्त र सान्दर्भिक छ ।
२. मानवीय प्रतिकार्य प्रभावकारी र सही समयमा छ ।
३. मानवीय प्रतिकार्यले स्थानीय क्षमतालाई मजबुत वनाउँछ र नकारात्मक असरलाई हटाउँछ ।
४. मानवीय प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ ।
५. गुनासाहरुलाई स्वागत र उचित सम्बोधन गरिन्छ ।
६. मानवीय प्रतिकार्य समन्वयत्मक र एक अर्काको परिपूरक छ ।
७. मानवीय सहयोगकर्मीहरु निरन्तर सिक्न र आवश्यक सुधारमा प्रतिवद्ध छन् ।
८. कर्मचारीहरुको कामलाई प्रभावकारी बनाउन सहयोग गरिनुका साथै निष्पक्ष र समान व्यवहार गरिन्छ
९. श्रोतको व्यवस्थापन र प्रयोग निर्दिष्ट उद्देश्य अनुरुप जिम्मेबारे तरिकाले गरिन्छ ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपातकालीन प्रतिकार्य योजना

**मानवीय सहयोगका मापदण्ड**

- विपद्को घटना लगत्तै उपकरण सहित खोज तथा उद्धार (SAR) टोली खटाउने ।
- जोखिममा परेका मानिसहरुलाई बिना भेदभाव यथासक्य चाँडो खोज तथा उद्धार गरी सहयोग गर्ने
- जनधनको सुरक्षा गरी सुरक्षित जीवनको प्रत्याभूति गराउने ।
- अन्य विषय क्षेत्रसँग समन्वय गरी राहत सामाग्री वितरणमा सहयोग गर्ने ।
- घाइते, अशक्त, असहाय, बालबालिका, महिला तथा ज्येष्ठ नागरिकलाई प्राथमिकताका साथ सुरक्षित स्थानान्तरण गर्ने ।

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**
विपद् प्रभावितहरुको जनधनको खोज तथा उद्धार गरी सहज तरिकाले सुरक्षित स्थानसम्म पुऱ्याउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- विना भेदभाव विपद प्रभावितहरुलाई उद्धार गरी सुरक्षित तवरले राख्नु ।
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु ।
- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानवीय क्षती कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्नु ।

विपद् प्रतिकार्यका लागि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | तत्कालै | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा र सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थान्तरण गर्न सुरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने | तत्कालै | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा र सम्पूर्ण विषयक्षेत्र साथै सुरक्षा निकाय |
| ३ | विपद्मा परी घाइते भएका व्यक्तिहरुलाई उद्धार गर्ने र उपचारका लागि पठाउने व्यवस्था गर्ने । हराई रहेका व्यक्तिहरुको लागत तयार गरी खोजी गर्ने । | तत्कालै | सुरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | तत्कालै घटनाको अवलोकन, निरीक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने । | विपद् पश्चात ७२ घण्टा भित्र | सर्वेक्षण टोली, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| ५ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण व्यवस्थापन गर्ने । | विपद्को समयमा | सुरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाइटी र स्वयंसेवक |
| ६ | प्रकोपबाट पिडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुर्याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने | विपद् पश्चात | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

| | | | |
|---|---|---|---|
| ७ | बहुक्षेत्रगत सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरु समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदन (प्रारम्भिक द्रुत लेखाजोखा) सनीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | विपद् पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति र विषयक्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने गराउने । | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घर गोठ पूर्णरुपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरुलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने । ***विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०७४ (पहिलो संशोधन) २०७७*** | विपद्को घटना पश्चात तत्काल | गाउँपालिका, वातावरण तथा विपद् व्यवस्थापन शाखा र वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने । | विपद्को घटना पश्चात | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गाउँपालिका |

### ३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

**मानवीय सहयोगका मापदण्ड**

**प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ :**

(१) प्रतिव्यक्ति प्रतिदिन न्युनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको राशन (ration) प्याकेज

(२) प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरक (Complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पूरक रासनको रूपमा उपलब्ध गराउने र

(३) निश्चित समूहका व्यक्तिहरूका (साना बालबालिका, दुध ख्वाउने महिला, एच्आईभी एड्स भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था ।

**स्फेयर मापदण्डबमोजिम उपलब्ध खाद्य सामग्री**

**चामल –** प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, **दाल –** प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम, **बनस्पति तेल** – प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि., **नुन –** प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम

स्थानीय वातावरण तथा उपलब्ध खाद्य सामाग्री बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनुपर्दछ तर पनि शुरुमा घरायसी स्तरमा गरिने वितरण र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनुपर्दछ ।

**मुख्य विपद्को किसिम :** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**

जीवन रक्षासम्बन्धी रणनीतिहरू (survival strategies) का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त खाद्य सम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने । प्रकोपबाट श्रृजित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा खाद्य तथा कृषि विषयक्षेत्रको समन्वयमा बैठक बस्ने । जानकारी संकलन गर्ने, परिस्थिति विश्लेषण गर्ने, तयारी खाना वितरणका लागि कार्ययोजना तयार गर्ने | विपद्को घटना घट्ने वित्तिकै | कृषि विकास शाखा, उद्योग बाणिज्य संघ, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| २ | विपद्बाट प्रभावित भएकाहरुको लागि पहिलो ७ दिन सम्मको लागि तयारी खाना वितरण गर्ने ( चाउचाउ, चिउरा, भुजा, बिस्कुट, भेली, नुन) अवस्था र उपलब्धता हेरी अन्य खाद्य सामाग्री पनि । | पहिलो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, वडा कार्यालय, विषयक्षेत्र साथै सुरक्षा निकाय |
| ३ | प्रत्येक क्षेत्रसँग उपलब्ध स्थानीय श्रोत र साधनको नक्साङ्कन | दोश्रो दिन | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ४ | सर्वेक्षण टोलीको सिफारिसको आधारमा आवश्यक खाद्य सामाग्रीको (चामल, दाल, तरकारी, तेल, नुन, मसला) व्यवस्था गरी निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने । | दोश्रो दिन देखि निरन्तर | कृषि शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| ५ | भण्डारण गरिएको खाद्य सामाग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, उद्योग वाणिज्य संघ, विषयक्षेत्र |
| ६ | प्रतिकार्यका लागि गाउँपालिकाको क्षमताले नभ्याउने अवस्था भएमा थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा आवश्यक सहयोगका लागि अनुरोध गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत |
| ७ | थप खाद्य सामाग्री आवश्यक भएमा स्थानीय तहमा क्रियाशील मानवीय सहायता कार्यमा संलग्न निकायहरुसँग समन्वय गरी सहयोगको लागि अनुरोध गर्ने । | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ८ | खाद्य सामाग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरुको विषयमा विषयक्षेत्रको समीक्षा बैठक गर्ने र निष्कर्ष सहितको प्रतिवेदन वातावरण तथा विपद् व्यवस्थापन शाखामा पेश गर्ने । | प्रतिकार्यको आधारमा कम्तीमा एक पटक | कृषि शाखा तथा विषयक्षेत्र |
| ९ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्ष मुनिका बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी महिलालाई पौष्टीक आहार वितरण गर्ने | आवश्यकता अनुसार पहिलो महिनाबाट | स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, कृषि शाखा, विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

**मानवीय सहयोगका मापदण्ड**

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health surveillance) शुरु हुन्छ ।
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिरामीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral centres) मा पठाई आपातकालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

- सिफारिश गरी पठाइने केन्द्रहरू (Referral centres) मा पुग्नका निमित्त बिरामीहरुका लागि उपयुक्त यातायातको प्रबन्ध गरिनेछ ।
- घाइते तथा बिरामीहरुलाई वर्गिकरण (Trijge) गरिनेछ र कालो, रातो, पहेंलो तथा हरियो रगंको ट्याग लगाइनेछ  र सोहि अनुरुप उपचारको व्यवस्था मिलाइनेछ ।
- मनोसामाजिक परामर्श प्रदान गर्ने ।

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**

जस्तोसुकै आपातकालीन अवस्था परेतापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human survival and well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने । स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सर-सफाईसँग सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिबारेलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

**स्वास्थ्य :**

- झाडापखाला, हैजा, औलो खोपजन्य सरुवा रोग तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त गाउँपालिका स्थित स्वास्थ्य शाखा कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Rapid assessment) सँग एकिकृत गरि स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने
- रोग फैलन गएका खण्डमा प्रतिकार्य तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न एवं अर्को निकायमा पठाउने संयन्त्र (Referral mechanism) को विकास गर्न गाउँपालिका स्थित स्वास्थ्य शाखा कार्यालयलाई सहयोग पुर्‍याउने
- पर्याप्त आपातकालीन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि गाउँपालिका स्थित स्वास्थ्य शाखालाई सहयोग गर्ने ।

**पोषण :**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका बालबालिकाहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न गाउँपालिकालाई सहयोग गर्ने
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न गाउँपालिका स्थित स्वास्थ्य शाखा कार्यालयलाई सहयोग गर्ने
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन गाउँपालिका स्थित स्वास्थ्य शाखा कार्यालयलाई मद्दत गर्ने
- भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित बालबालिकाहरुका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त गाउँपालिका स्थित स्वास्थ्य शाखा कार्यालयलाई सहयोग गर्ने ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि आपातकालीन पोषण व्यवस्था गर्ने ।

विपद् प्रतिकार्यका सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा स्वास्थ्य तथा पोषण विषयक्षेत्रको समन्वयमा बैठक बस्ने । जानकारी संकलन गर्ने, परिस्थिति विश्लेषण गर्ने, स्वास्थ्य प्रतिकार्यका लागि कार्ययोजना तयार गर्ने | विपद्को घटना घट्ने बित्तिकै | स्वास्थ्य शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, कृषि शाखा, विषयक्षेत्र |

| | | | |
|---|---|---|---|
| २ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने | विपद्को घटना घट्ने वित्तिकै | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | विपद्को घटनामा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ४ | विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ५ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाइते तथा बिरामीलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजाने व्यवस्था मिलाउने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | गर्भवती, सुत्केरी महिला तथा ५ वर्ष मूनिका वालवालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत |
| ८ | औषधी, सुरक्षाका सामाग्री (पिपिइ सेट, सर्जिकल मास्क, स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन, भन्टिलेटर, फ्रिज, टेष्टिङ किट आदि) सामाग्रीहरु पहिचान गरी सोको व्यवस्था गर्ने । | आवश्यकता अनुसार | गाउँपालिका, स्वास्थ्य शाखा, विषयक्षेत्र |

## कोभिड - १९ मा आधारित प्रतिकार्य योजना

| सि.नं | प्रतिकार्यका क्रियाकलापहरु | प्रमुख जिम्मेबारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | कोभिड-१९ का बारेमा टोल र बस्तीमा सचेतना फैलाउने क्रियाकलाप गर्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित |
| २ | बाहिरबाट आउने मानिसको अभिलेख राख्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित |
| ३ | बाहिरबाट आएका मानिसहरुलाई अनिवार्य होम क्वारेन्टिनमा राख्न टोल विकास समितिहरुसँग समन्वय गर्ने र होम क्वारेन्टिनमा राख्ने । | गाउँपालिका | क्षेत्रका सदस्यहरु | नियमित |
| ४ | नियमित मिचिमिचि हात धुने, मास्क प्रयोग गर्ने र स्यानीटाईजरको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने कुरालाई नियमित अनुगमन गर्ने । | गाउँपालिका | वडा कार्यालय | नियमित |
| ५ | होम क्वारेन्टिनमा वा आइसोलेसनमा बसेका व्यक्तिहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित |
| ६ | शव व्यवस्थापनको लागि तालिम, आवश्यक सामग्री व्यवस्थापन र परिचालन गर्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित |
| ७ | संक्रमित व्यक्तिलाई थप आइसोलेसन बेडको व्यवस्था गरी उपचार गर्ने | गाउँपालिका | स्वास्थ्य शाखा | नियमित |
| ८ | नियमित पी.सी.आर परीक्षणका लागि प्रोत्साहन गर्ने । | गाउँपालिका | गाउँपालिका | नियमित |
| ९ | स्वाब संकलन गरी परीक्षणको लागि पठाउने | गाउँपालिका | स्वास्थ्य चौकी सुरक्षा निकाय | नियमित |
| १० | गम्भीर संक्रमितहरुलाई प्रादेशिक तथा नजिकका कोभिड अस्पतालमा रिफर गरी पठाउने | गाउँपालिका | गाउँपालिका क्षेत्रका सदस्यहरु | नियमित |
| ११ | संक्रमितहरुको नजिक रहेका मानिसहरुको तत्काल कन्ट्राक्ट ट्रेसिङ्ग गरी स्वाब संकलन गर्ने | गाउँपालिका | गाउँपालिका स्वास्थ्य शाखा | नियमित |

### ३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्बधन क्षेत्रको प्रतिकार्य योजना

**मानवीय सहयोगका मापदण्ड**

१. पहाडी जिल्लाहरूमा विपद्पछि पहिलो हप्तासम्म पाइपद्वारा अथवा जिल्ला सदरमुकामको खानेपानी संस्थान वा कार्यालयसँग सम्बन्ध कायम गरी खानेपानी भण्डारण गरिने ट्याङ्कीद्वारा र तराईका जिल्लाहरूमा प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुऱ्याउने ।

२. शिविरमा बस्ने विस्थापित तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएकाहरूका लागि पानी सङ्कलन गर्ने बाल्टीन र ३० दिनसम्मका निम्ती खानेपानी शुद्ध गर्ने चक्की, पियूष, अक्वा (tablets) अथवा वाटर गार्ड (water guard) उपलब्ध गराउने ।

३. शिविरमा बसोबास गर्ने विस्थापितका लागि उपयुक्त सरसफाई एवं महिलाहरूका लागि नुहाउने सुबिधाका निमित्त अस्थायी चर्पी (हरेक ५० पुरुष व्यक्तिका लागि एक चर्पी, हरेक २० महिलाका लागि एक चर्पी, हरेक २० बालबालिकाका लागि एक चर्पीको निर्माण गर्ने ।

४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई गाउँपालिका स्थित स्वास्थ्य शाखा तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य सम्बन्धी किट (kits) वितरण गर्ने र स्वास्थ्य सरसफाई प्रबर्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हातधुने) सञ्चालन गर्ने,

५. एकरूपताका लागि गाउँपालिकाको आपातकालीन योजनालाई जिल्ला आपातकालीन योजनासँग मेल खाने गरी तयार पार्ने ।

६. प्रति १० परिबारे १ फोहर फाल्ने भाँडो (१०० लिटर) (विस्थापितहरुको बसोवास अनुसार फोहरहरु फाल्ने भाँडाको व्यवस्था गर्ने)

७. पानी जम्मा गर्ने भाँडाहरु १० देखि २० लिटरको २ वटा भाँडाहरु प्रति परिबारे उपलब्ध गराउने

८. विस्थापित क्षेत्रमा प्रति २०० परिबारेमा स्वयंसेवकहरु १ जनाका दरले परिचालन गर्ने ।

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**

स्वच्छ, सफा र सुरक्षित खानेपानी उपलब्ध गराई खानेपानी तथा सर-सफाईसँग सम्बन्धित रोगहरू फैलन नदिई पानीजन्य रोगबाट प्रभावित परिबारेलाई बचाउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- विस्थापित समुदायका लागि, (खास गरी शिविरमा बस्ने मानिसहरूका लागि) सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाई एवं नुहाउने सुबिधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाई तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुबिधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा-सुग्घर (Cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्बधन क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | WASH Cluster को बैठकको आयोजना गर्ने, सरोकारवालाहरुसँग समन्वय गर्ने, सूचना सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्ने | विपद्को घटना घट्ने वित्तिकै | सामाजिक विकास शाखा, वडा विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| २ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण | विपद्को घटना | खानेपानी तथा सरसफाई शाखा, |

| | | | |
|---|---|---|---|
| | तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । स्थानीय स्वयंसेवकहरु खटाउने । | घट्ने बित्तिकै | वडा विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ३ | विस्थापितहरुलाई स्वास्थ्य सरसफई किट तथा पियुष, क्लोरिन जस्ता खानेपानी शुद्धिकरणका औषधी वितरण गर्ने । | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, खानेपानी तथा सरसफाई शाखा, वडा विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ४ | विस्थापितहरुको शिविरमा अस्थायी चर्पी, तथा शुद्ध खानेपानीको व्यवस्था गर्ने | विपद् पश्चात तत्कालै | खानेपानी तथा सरसफाई शाखा, वडा व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित क्षेत्र तथा शिविरमा फोहर व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गर्ने गराउने | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, वडा विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ६ | स्वास्थ्य र सरसफाई बारे सचेतना कार्यक्रम हेल्थ क्लस्टर सँग समन्वय गरी गर्ने | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ७ | स्वास्थ्य र सरसफाई बारे सचेतना कार्यक्रम हेल्थ क्लस्टर सँग समन्वय गरी गर्ने | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ८ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्वधन क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन पेश गर्ने । | विपद्को घटना घट्ने वित्तिकै | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.५ आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

**मानवीय सहयोगका मापदण्ड**

१. औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध छ, औसतमा ५ सदस्यहरूको एक परिबारेका लागि कम्तीमा पनि ४X५ मिटरको डोरी सहितको प्लास्टिक सिट र सहायता सामाग्री उपलब्ध हुनेछ ।
२. कम्बलमा मानिसहरूको पर्याप्त पहुँच हुनेछ ।
३. दुई वर्षसम्मका बालबालिकाहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा हुनेछ ।
४. महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइसम्बन्धी सामग्रीको आपूर्ति भएको हुनेछ ।
५. मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छः एक सेट भाँडा ।
६. शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
७. शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्डअनुसार हुनुपर्छ ।
८. विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्दछ
९. शिविरका लागि योजना तर्जुमा गर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
१०. शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
११. नागरिक समाज, सरकार तथा स्थानीय समुदायसँगको परामर्शमा शिविरको स्थापना ।
१२. सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागि विषेश अस्थायी टेण्ट र अत्यावश्यक सामग्रीहरु जस्तो हाइजिन किट, न्यानो कपडा, ओढ्ने कम्बल, झुलको व्यवस्था र त्यसमा उनीहरुको पहुँच हुनेछ ।

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**

- जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुनेछन् ।
- जलवायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगा हुनेछन् ।
- घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि सामानहरूमा परिबारेहरूको पहुँच पुग्नेछ ।

**योजनाको समष्टिगत उद्देश्य :**

- **आवास**: सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिबारेहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म-निर्भरता तथा स्व-व्यवस्थापन (Self-manjgement)मा जोड दिईनेछ ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination & Camp Manjgement =CCCM) प्राकृतिक विपद्का कारणले घरबारेविहीन वनेका मानिसहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तर उठाई शिविरहरूमा सरोकारवालाहरुको जीवन स्तरमा सुधार ल्याउने ।

विपद् प्रतिकार्य गर्न आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ:

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको बैठकको आयोजना गर्ने, सरोकारवालाहरुसँग समन्वय गर्ने, सूचना सङ्कलन गर्ने | विपद्को घटना घट्ने वित्तिकै | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| २ | सर्वेक्षण टोली पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्य गर्ने । स्थानीय स्वयंसेवकहरु खटाउने । | विपद्को घटना घट्ने वित्तिकै | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ३ | पहिचान भएको सुरीक्षत स्थानमा अस्थायी आवासका लागि अस्थायी संरचना निर्माण गर्ने | विपद्को घटना पश्चात | पूर्वाधार विकास शाखा, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ४ | अस्थायी आवासमा रहेका विस्थापित परिबारेहरुलाई गैर-खाद्य सामग्री (NFRI) वितरण गर्ने | विपद् पश्चात तत्कालै, आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विस्थापितहरुको लागत संकलन गर्ने | दोश्रो दिन | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ६ | पुनःस्थापन र पुनःनिर्माण क्षेत्रसँग समन्वय गरी विस्थापितहरुलाई फर्काउन पहल गर्ने | अवस्था हेरेर | वडा कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ७ | आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने | निरन्तर | विषयक्षेत्रका समुह सदस्यहरु |

### ३.३.६ संरक्षण तथा सुरक्षा क्षेत्रको प्रतिकार्य योजना
**मानवीय सहयोगका मापदण्ड**

- संरक्षण समुहको क्षमतामा वृद्धि गर्ने र श्रोत व्यवस्थापन गर्ने ।
- प्रभावित समुदायको कुनैपनि अधिकारको उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- महिला हिंसा न्यूनिकरणका लागि जनचेतना जगाउने
- मानव अधिकारको संरक्षण गर्ने ।
- विभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडि पारिएका समुहबाट मानविय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहुँच प्रतिकार्य पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा विपद्मा परेका व्यक्तिहरुको दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने
- बाल-मैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी प्रतिकार्य कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बालबालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिबारे साथ नभएका बाल-बालिकाहरू, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका बाल-बालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुर्नमिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिबारेबाट बिछडिएका तथा साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिममा परेका समुह जस्तैः परिबारे नभएका, बृद्ध, अपाङ्ग तथा दिर्घ रोगबाट पीडित समुहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (आवास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी (Advocacy) गर्ने ।
- मनोपरामर्श सेवा प्रदान गर्ने ।
- किशोरीहरुलाई महिनाबारी हुँदा प्रयोग गर्ने प्याड वितरण तालिमको व्यवस्था गर्ने ।

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः** बाल-बालिका लगायत जोखिममा रहेका समूहहरूले आपातकालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त गर्दछन् ।

**योजनाको समष्टिगत उद्देश्य :**

१. प्राकृतिक विपद् तथा अन्य आपातकालीन परिस्थितिहरूमा उपलब्ध गराइने प्रतिकार्य कार्यक्रमहरूमा जोखिममा रहेका समूहहरूका लागि मानव अधिकारसम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका (Guaranteed) मौलिक अधिकारहरूको संरक्षण गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
२. जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चित गरी आपातकालीन प्रतिकार्यको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
३. आपातकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवासम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।
४. बाल-मैत्री ठाउँ तथा मनो-सामाजिक परामर्शसम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बाल-बालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

५. बिछोड भएका बाल-बालिका, खासगरी पाँच वर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूले पहिचान, दर्ता तथा स्वास्थ्यसम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुबिधासहित परिबारेको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

६. यौन दुर्व्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी (Advocacy) गर्ने प्रणालीको स्थापना गरी बाल-बालिका तथा महिलाहरू माथिको यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।

विपद् प्रतिकार्य गर्न संरक्षण तथा सुरक्षा क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | संरक्षण तथा सुरक्षा क्षेत्रको बैठकको आयोजना गर्ने, सरोकारवालाहरुसँग समन्वय गर्ने, सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई सूचना सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्ने | विपद्को घटना घट्ने वित्तिकै | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | पहिचान भएका आवश्यकता वमोजिम गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई सहयोग गर्ने | विपद्को घटना घट्ने वित्तिकै तत्कालै र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ३ | गर्भवती महिला, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकको लागि आवश्यक सामाग्रीको सूची तयार गरी सामाग्रीहरु जुटाउने | आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ४ | विशिष्ठ आवश्यकताका सामाग्री जस्तैः डिग्निटी किट जुटाउने र वितरण गर्ने | विपद् पश्चात तत्कालै र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ५ | विपद्को घटनाबाट मानसिक रुपमा प्रभावित व्यक्ति र परिबारेका सदस्य गुमाएका, हराएका, तनावग्रस्त, घाइते, अशक्त आदि व्यक्तिहरुलाई परिस्थितिको आँकलन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | विपद् पश्चात सकेसम्म छिट्टो र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | बाल संरक्षण, महिला हिंसा, द्वन्द जस्ता कार्यहरुको नियमित अनुगमन गर्ने | निरन्तर | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| ७ | संरक्षण तथा सुरक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन गर्ने | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.३.७ आपातकालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न शिक्षा क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

**मानवीय सहयोगका मापदण्ड**

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुबिधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने,
- शिक्षा शाखा र विषय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा बिस्थापित बाल-बालिकाहरूको पठनपाठनलाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने

- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने
- विद्यालय बाहिर रहेका बाल-बालिकाहरू अस्थायी रूपमा स्थापना गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने
- प्रभावित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा सवलीकरण पार्दै लैजाने

**मुख्य विपद्को किसिमः** भूकम्प, कोरोना महामारी, पहिरो, बाढी, आगोलागी, हावाहुरी, जङ्गली जनावरको आतङ्क, चट्याङ, हिमपात, खडेरी र सडक दुर्घटना ।

**क्षेत्रगत उद्देश्यः**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा विद्यार्थी र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिका तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूले सहयोग उपलब्ध गराउने
- प्रभावकारी आपातकालीन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने
- आपातकालीन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने व्यक्तिका रूपमा (Focal person) सरोकारवालाहरूको क्षमता बढाउने
- द्रुत तथा चालु (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपातकालीन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षाका निमित्त राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रमुख प्रतिवद्धताहरू र न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- आपातकालीन परिस्थितिमा प्रतिकार्य उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्ध स्थापना गरी त्यसलाई सुदृढ पार्ने ।

विपद् प्रतिकार्य गर्न शिक्षा क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको बैठकको आयोजना गर्ने, सरोकारवालाहरुसँग समन्वय गर्ने, सूचना सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्ने | विपद्को घटना घट्ने वित्तिकै | शिक्षा शाखा, गाउँपालिका, विषयक्षेत्र |
| २ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद्को घटना घट्ने वित्तिकै | शिक्षा शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ३ | प्रकोपबाट प्रभावित विद्यालयहरुको सूची तयार गरी सम्बन्धित विद्यालयका विद्यार्थीहरुले गुमाएका पठनपाठनका सामाग्रीहरुको विवरण तयार गर्ने । | विपद् पश्चात तत्कालै | शिक्षा शाखा, विद्यालय, विषयक्षेत्र |
| ४ | प्रभावित विद्यार्थी एवं शिक्षकहरुलाई सुरक्षित | विपद् पश्चात | शिक्षा शाखा, गाउँपालिका, |

| | | | |
|---|---|---|---|
| | स्थानमा व्यवस्थापन गर्ने सेल्टर कलष्टरसँग समन्वय गर्ने र प्रभावितहरुलाई राहत वितरणको लागी सम्पर्क र समन्वय गर्ने | तत्कालै | आपातकालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ५ | प्रभावित क्षेत्रको अनुगमन गर्ने, शिक्षकहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | पहिलो दिन | शिक्षा शाखा, स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ६ | विद्यालय तीन (३) दिन भन्दा बढि समयसम्म सञ्चालन हुने अवस्था नभएमा आपातकालीन शिक्षाका लागि प्रबन्ध गर्ने | विपद्को घटना घटेको ३ दिन पछि आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, वडा कार्यालय, विषयक्षेत्र |
| ७ | पठनपाठनका लागि अस्थायी अध्ययन केन्द्र सञ्चालन गर्ने वा भत्केका विद्यालयको पुनः निर्माण गर्ने | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, वडा कार्यालय, विषयक्षेत्र |
| ८ | बालबालिकाको लागि बाल विकास केन्द्र (ECDC) स्थापना र सञ्चालन गर्ने | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय, वडा कार्यालय, विषयक्षेत्र |
| ९ | अस्थायी अध्यायन केन्द्रमा खाजा तथा औषधीको व्यवस्थापन गर्ने | आवश्यकता अनुसार | शिक्षा शाखा, विद्यालय,स्वास्थ्य शाखा, पोषण क्षेत्र, वडा कार्यालय, विषयक्षेत्र |
| १० | शिक्षा क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन पेश गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | शिक्षा शाखा, विषयक्षेत्र |

### ३.३.८ शिघ्र पुर्नलाभ क्षेत्रको प्रतिकार्य योजना

**योजनाको समष्टिगत उद्देश्य :**

- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि आधारभूत भौतिक सेवा खानेपानी, विजुली, सञ्चार, स्वास्थ्य सेवा एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिबारेहरूको पहुँच सुनिश्चित गर्ने ।
- विपद्बाट प्रभावित जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका, महिला, अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरुको लागि पुर्नलाभका कार्यक्रम सुनिश्चित गर्ने ।
- यथासम्भव बढीभन्दा बढी आर्थिक तथा सामाजिक आत्म-निर्भरता तथा स्व-व्यवस्थापन (Self-manjgement) मा जोड दिईनेछ ।

विपद् प्रतिकार्य गर्न शिघ्र पुर्नलाभ क्षेत्रको आपातकालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.स. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरु | समय | मुख्य जिम्मेबारे निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद्को घटना घट्ने वित्तिकै | पूर्वाधार विकास शाखा र विषयक्षेत्र |
| २ | भौतिक संरचनाहरु नोक्सान भई सेवा अवरुद्ध भएको स्थान पहिचान गरी तथ्याङ्क संकलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरुको प्राथमिकिकरण गर्ने । | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा र विषयक्षेत्र |
| ३ | सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि टोली परिचालन गरी सेवा सुचारु गर्ने | आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा र विषयक्षेत्र |
| ४ | विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभाव लेखाजोखा गरी शिघ्र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्ने | विपद् पश्चात तत्कालै | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | शिघ्र पुर्नलाभ क्षेत्रको विपद् प्रतिकार्यको समीक्षा गरी प्रतिवेदन पेश गर्ने । | प्रतिकार्यको कार्य सम्पन्न भएपछि | पूर्वाधार विकास शाखा र विषयक्षेत्र |

# परिच्छेद चार

## बन्दोबस्ती सामाग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा

### ४.१ श्रोत साधनको वर्तमान अवस्था

बन्दोबस्ती सामाग्रीको उपलब्धताको लेखाजोखा विषयक्षेत्रका आधारमा गरिएको छ । यस गाउँपालिकामा विपद्जन्य घटनाहरुमा सम्बन्धित विषयक्षेत्र अर्न्तगत उपलब्ध श्रोत साधन तथा सामाग्रीहरुको विद्यमान अवस्था देहाय बमोजिम रहेको छः

| विषयक्षेत्र | श्रोत साधन/ उपकरण | संख्या वा परिमाण | भण्डारण स्थल/स्थान |
|---|---|---|---|
| खोज तथा उद्धार | गैंची | ४ | झिमरुक गाउँपालिका |
| | बेल्चा | ३ | " |
| | फोरुवा | ४ | " |
| | गल | १ | " |
| | सानो आरा | २ | " |
| | ठूलो आरा | १ | " |
| | रेन्ची | ३ | " |
| | प्लास | ३ | " |
| | पेच भर्यागं | ३ | " |
| | वञ्चरो | २ | " |
| | घन | २ | " |
| | ह्यामर | ३ | " |
| | कोदालो | ५ | " |
| | हेल्मेट | १० | " |
| | स्ट्रेचर फलाम | १४ | " |
| | गैती | ३ | " |
| | हाते माईक | १ | सामुदायिक विपद् व्यवस्थापन समिति |
| | स्ट्रेचर | १४ | " |
| खोज तथा उद्धार | गैटी, सावेल, पिक, डोरी आदि | ४ सेट | नेपाल रेडक्रस सोसाइटी मच्छी उपशाखा |

### ४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

यस गाउँपालिकामा विपद्जन्य घटनामा सबै विषयक्षेत्रका सदस्यहरु प्रतिकार्यका लागि परिचालित हुनेछन् । यस बाहेक १४ जना खोज तथा उद्धार ७ जना प्राथमिक उपचारक, ग्रामिण महिला स्वास्थ्य स्वयंसेविका ३८ जना, जिल्ला विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति ५ जना, अस्थायी आवास निर्माण जनशक्ति १ जना, विपद् व्यवस्थापन सम्बन्धी तालिम दिन सक्ने जनशक्ति २ जना व्यक्तिहरु रहेका छन् । यसका साथै इलाका प्रहरी कार्यालयमा खोज तथा उद्धार र शव व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति रहेका छन् । विस्तृत विवरण **अनुसूची -११** मा संलग्न गरिएको छ ।

### ४.३ बन्दोबस्ती सामग्रीको आँकलन

विपद्जन्य घटनाहरुमा प्रतिकार्यका लागि गैरखाद्य सामाग्रीहरु र सोको भण्डारण स्थल र मानवीय सहायता स्थलको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

### ४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल

विपद्का घटनाहरुमा प्रतिकार्यका लागि गैह्र खाद्य सामग्रीहरुको गोदाम घर (भण्डारण स्थल) ... नम्बर वडाको ... स्थानमा रहेको छ । भण्डारणस्थल सम्बन्धी विस्तृत विवरण निम्नअनुसार रहेको छः

| क्र.स. | विवरण | स्थान | क्षमता | सर्म्पक व्यक्ति | सर्म्पक नम्वर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

### ४.३.२ मानवीय सहायता स्थल

यस गाउँपालिकाको सबैभन्दा नजिकको गौतम बुद्ध अर्न्तराष्ट्रिय विमानस्थल हो । यस झिमरुक गाउँपालिकाले आपातकालीन अवस्थामा उक्त विमानस्थल विपद् प्रतिकार्यका लागि उपयोग गर्न सकिन्छ ।

## ४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

माथि उल्लेखित विद्यमान स्रोत साधनका अतिरिक्त विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरुलाई आवश्यक पर्ने थप श्रोत साधन र उपकरणको विवरण तथा सोको अनुमानित लागत देहायको तालिकामा प्रस्तुत गरिएको छः

| विषयक्षेत्र | आवश्यक स्रोत, साधन/उपकरण | थप संख्या वा परिमाण | अनुमानित रकम (रु. हजारमा) |
|---|---|---|---|
| समग्र व्यवस्थापन, समन्वय, खोज तथा उद्धार | | | |
| खाद्य तथा कृषि | | | |
| स्वास्थ्य तथा पोषण | | | |
| खानेपानी, सरसफाई तथा स्वच्छता प्रर्बधन | | | |
| आपातकालीन आश्रय तथा गैर-खाद्य सामाग्री | | | |
| संरक्षण तथा सुरक्षा | | | |
| आपातकालीन शिक्षा | | | |
| शिघ्र पुर्नलाभ | | | |

# परिच्छेद पाँच
## विविध

### ५.१ श्रोत साधनको व्यवस्थापन

विपद् व्यवस्थापनका लागि यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । यस विपद् पूर्वतयारी र प्रतिकार्य योजनामा स्वीकृत क्रियाकलापका लागि उक्त कोषमा उपलब्ध बजेट पर्याप्त भएमा विषयक्षेत्रलाई बजेटको आवश्यकता र उपलब्धताका आधारमा रकम निकासा गरिनेछ ।

### ५.२ अन्य निकायसँगको समन्वय र सहकार्य

